9 771227 73 7969

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



फागुन २०८२

२५३

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०८२ फागुन (Feb-Mar 2026)

वर्ष २५ अङ्क ५ पूर्णाङ्क २९३ (Year 25 Issue 5 Total issue 293)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | पाम रूख |
| तस्बिर | : | प्रकाशचन्द्र निङ्लेकु |

| | | |
|---|---|---|
| ISSN | : | 2773-7969 |

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

मुद्रक : कोसी प्रिन्टिङ प्रेस, बबरमहल, काठमाडौँ

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता/गीत

रङ अनेक : इन्द्रकुमार श्रेष्ठ 'सरित्' ३, हेर्ने कथा : प्रकाश बस्नेत गफाडी ४, भो नफुट : नीलम ५, लागु औषध... : राजेशमान के.सी. ७, मान्भीछे : वासुदेव घिमिरे ८, नवप्रर्वतन र... : यामबहादुर थापामगर ९, बुकी है फुल्यो : जानु कम्बाङ १०, मुक्तक : होम सुवेदी ११, गीत : बाबुराम श्रेष्ठ यात्री १३, गीत : तेजविलास १६, टुक्का कविता : कला ढकाल, सुरेशकुमार पाण्डे, कोपिला समीक्षा, बाबुराम गौतम, अरूणकुमार भुजेल ३८

### कथा/दर्शन/लघुकथा/नियात्रा/अविष्मरणीय क्षण/समीक्षा

जेलभित्रको संसार : सुष्मिना शर्मा १२, जेन जीकी... : नेत्रप्रसाद न्यौपाने १४, अनुत्तरित प्रश्न : नन्दलाल आचार्य १७, प्रतीत्य... : कमल सिलवाल २०, परिणाम : श्री पोखरेल २४, अमेरिका : यात्रानुभूति : लता के.सी. २५, अरिङ्गालको... : जेबी खत्री ३९, 'जुरुक्क कर्णाली'... : नवीन पौड्याल ४१, मेन स्ट्रीट्मा... : सर्वधन थुलुङ ४५

# हाम्रो अभिमत

देश विकासको मामलामा केही पनि हुँदै नभएको होइन तर जति हुनुपर्ने हो त्यति नभएको अवश्य हो भन्नेमा लगभग सहमत हुनेको सङ्ख्या ठुलै छ । विश्वका विभिन्न देश, त्यसमा पनि विशेषतः छिमेकीको चामत्कारिक र द्रुत गतिको विकास देखेकाहरूका लागि यो विकास अविकासकै तहमा गणनायोग्य हुन्छ । यद्यपि हामीभन्दा पछाडि परेका देशहरूको तुलनामा केही भएकै हो भन्नुपर्छ । यहाँनिर एउटा प्रश्न उठाउन सकिन्छ, अगाडि बढ्नका लागि आफूभन्दा पछाडिकालाई हेरेर चित्त बुझाएर कछुवाको गतिलाई कायम राख्ने कि आफूभन्दा अगाडि गएकाहरूलाई हेरेर तिनलाई भेट्ने उद्देश्यका साथ खरायो दौड दौडिने ? यहाँनिर कछुवा गतिलाई स्थायी र खरायो दौडलाई खहरेसँग तुलना गर्न सकिएला तर कतिपय विम्ब र धारणालाई समयको गतिले घुऱ्यानमा मिल्काइसकेको अवस्थामा त्यहाँबाट उठाएर पुनः पुछपाछ गरेर नयाँपन आउँदैन । यो अकाट्य सत्य हो ।

देश विकासका अनेक आयाम छन् । पूर्वाधारको निर्माणदेखि लिएर प्रविधि हुँदै सोच, संस्कार र दृष्टिकोणको तहसम्म पुग्न सकिन्छ । वस्तुतः निर्माण र दृष्टिकोणलाई दुई ध्रुवीय आँखाबाट हेर्ने हो भने दृष्टिकोणको स्थान सर्वोच्च हुन्छ । दृष्टिकोण सफासुग्घर, निर्मल र इमानदार भयो भने यसको सकारात्मक प्रभाव पूर्वाधार निर्माणदेखि लिएर प्रविधि र सोच एवम् संस्कारमा समेत पर्छ । यसका लागि जड दृष्टिकोणमा परिवर्तन आजको आवश्यकता हुन्छ । जबसम्म दृष्टिकोणमा नवीनता आउँदैन तबसम्म भन्ने एउटा र गर्ने अर्को संस्कारले विकासमा तात्त्विक अन्तर आउँदैन । भनाइ र गराइको अन्तरले नै हो आजसम्म हामी पछाडि परेको भन्नेमा जबसम्म सहमत हुन सकिन्न तबसम्म कुराले चिउरा नभिज्ने अवस्था विद्यमान रहन्छ । गफले लङ्का जिते पनि वरको सिन्को पर नसारेसम्म प्रतिफल देखिने अवस्था आउन्न ।

हामी कोही देश विकास हुनुहुन्न भन्नेमा दशमलबपछिको शून्य शून्य एक प्रतिशत पनि छैनौँ । शतप्रतिशत नै यसका पक्षमा छौँ तर पनि चाहेजति र सोचेजति हुन सकिरहेको छैन भन्ने प्रश्नको उत्तर खोज्नुपर्दा उही दृष्टिकोणको जडता हामीसामु आउँछ । दृष्टिकोणमा परिवर्तनबिना असम्भव विकास प्राप्त गर्न केवल चाहनाले मात्र सम्भव हुन्न । यो पनि हामी प्रशस्तले बुझेका छौँ तर परिवर्तन कहाँबाट, कहिलेदेखि र कसरी भन्ने प्रश्नमा जब परिवर्तनको सही समय आउँछ तब हामी त्यसको प्रतिरोधमा पटुकी कसेर अखाडामा उत्रिन्छौँ । योभन्दा त हिजोकै ठिक थियो भन्न कत्ति हिचकिचाउँदैनौँ ! यसरी हिजोको ठिक भएन परिवर्तन चाहियो पनि भन्ने तर परिवर्तनको घडी अगाडि आउँदा स्विकार्न नसक्ने जड चेतना तगारो बनेर तेर्सिन्छ । यही भुमरी र चक्रव्यूहमा हामी छौँ । यसबाट बाहिर निस्किन सकारात्मक दृष्टिकोण आवश्यक पर्छ । यसमा नयाँपन आए परिवर्तनलाई स्विकार्न सक्ने फराकिलो मार्ग प्रशस्त हुन्छ र जड चेतनाका ठाउँमा नवीन चेतनाको बिहानी उदाउँछ । यस्तोमा मसक्क आँटेर सबैले आआफ्ना ठाउँबाट इमानदारीपूर्वक होस्टेमा हैँसे गरे ठुला ठुला डिङ हाँकेर आकास पाताल जोडिरहनै पर्दैन । यही धर्ती र यही भूगोल हराभरा र सुन्दर हुन्छ जसले हामी सबैको मनलाई विचलित पार्दैन । गर्ने हामीले नै हो अरूले आएर भाँडामा भात हालिदिएर सधैँका लागि पुग्दैन भनी बुझ्न जति छिटो गऱ्यो उति छिटो द्रुत गतिको समयानुकूल विकास सम्भव छ । यही नै हो दृष्टिकोणको सकारात्मक पाटो । यसलाई सुल्ट्याएर बुझ्ने बानी आवश्यक छ ।

– प्रधान सम्पादक

कविता

# रङ अनेक



इन्द्रकुमार श्रेष्ठ 'सरित्'
(तरहरा, सुनसरी)

रङ थरी थरीका
तर पनि रङ एउटै
सारमा अर्थ एउटै
छरेर आँखामा छारकाप्रो
संसारलाई नै मूर्ख बनाइरह्यो

अघाएन कहिल्यै सपना बाँडेर
भ्रमको खेती गरिरह्यो
भाषण एउटै
शैली एउटै
स्वार्थपूर्ण उद्देश्य एउटै
जगले नवीनता कहिल्यै भेटेन
तैपनि ऊ कहिल्यै दुत्कारिएन
सत्कारको अभाव
उसले कहिल्यै भोग्नुपरेन

झुठको बाली काटिरह्यो उसले
स्वप्नभङ्ग हुँदा
जगलाई ऐठन गरिरह्यो
आत्मरतिमा रमाउनेहरूले
नक्कली मयूरलाई कहिल्यै चिनेनन्
गुलियो सपनाको भ्रमबाट मुक्त भएर
कठोर यथार्थसँग पौँठेजोरी कहिल्यै खेलेनन्
पटक पटक धोका खाँदा पनि
धोकेबाजलाई नै धोका दिएर
नयाँ यात्रामा निस्किने आँट कहिल्यै गरेनन् ।

**आगामी आकर्षण**

अनुज श्रेष्ठ 'पृथक्' विपेन आदिमा, अरुणकुमार भुजेल, देवराज सिम्खडा, ध्रुवराज थापा 'पुरुष' भोलानाथ सुवेदी, सीतादेवी छेत्री, अमरेशसिंह भदौरिया, हरि कट्टेल, शीतल गिरी आदि ।

कविता

# हेर्ने कथा



**प्रकाश बस्नेत गफाडी**
**(काजि आलापोट)**

घट्दै घट्दै जान थालेपछि
सुन्ने कथाहरूमा विश्वास
चटक्क छाडेको हुँ
कथाहरू सुन्न

काल्पनिक
लाग्न थालेपछि
पढ्ने कथाहरू
छुटिगएको हो
पढ्ने कथाको तलतल पनि

अचेल म
हेर्ने कथाहरूको
लती बनेको छु
जहाँ
यथार्थको सानो संसार
चियाउन सकिन्छ

ए !
पत्रकार महोदय
तपाईंहरूले निर्माण गरेको
हेर्ने कथाले
प्रकाश तामाङलाई
जस्तै
बर्सौंदेखि
देशबाटै हराएको
यो देशलाई
कृपया सकुशल
फर्काइदिन सक्नुहुन्छ ?

(iamtheprakash100@gmail.com)

कविता

# भो नफुट

नीलम

भो नफुट
फुटेपछि जोडिँदैन सिसा
जोडिँदैनन्
फुटेपछि ग्रह–उपग्रहहरू
कहिल्यै सूर्यसँग !

मन फुटेपछि
मासु लुछ्दा आधा बाङ्गिएको
सिंहको दाह्राभन्दा
झन् खतरनाक हुन्छ !

गालेर रसाउन पनि
धातुलाई रसायन चाहिन्छ
माहुरीकै भएर पनि के गर्नु
काठको घार कहाँ रसाउँछ र
धातु जोड्ने रसायनले ।

सिद्धान्तको
धरो समाएर
लाज ढाक्न छोडेको
धेरै भयो तिमीहरूले
के फुट्छौ ?
निकम्मा पदको आँखीझ्याले पछ्यौरीले
लाज ढाकेको देखाउन ।

भो नफुट !
मक्किएका
खुट्टा भएको कुर्सीमा बसी
जनताका आँसुमाथि

पाइताला टेक्न ?

मातृवात्सल्य
फुटेको भए पो
गौरव र आत्मसुखको विषय हुन्थ्यो
प्यास मेटाउन बचेराको
मूल
फुटेको भए पो पानीको
ऐठनबाट मुक्त हुन्थ्यो
भविष्य ।

साँच्चै सान्दर्भिक हुन्थ्यो
बिउ
अङ्कुराउन फुटेको भए
चित्त बुझाउन सकिन्थ्यो
बतासे फुल
फुटेको भए कुखुरीको ।

बिनाभूकम्प
बिनाज्वालामुखी
स्वार्थले फुट्ने
धरालाई त
इतिहासले चिन्दैन भने
फगत
बग्न स्वार्थको रसायनमा
भो नफुट ।

भो नफुट !
फोहोर नै देखिए पनि
आँखाको पो महत्त्व हुन्छ
जति सेता देखिए पनि
अन्ततः
कचरा कचरा नै हुन्छ ।

(narayankhanal534@gmail.com)

कविता

# लागु औषध दुर्व्यसन



राजेशमान के.सी.
(गट्ठाघर २, भक्तपुर)

विश्वव्यापी बनेको छ लागु औषध समस्या ।
नेपाल यसमा अछुत रहने छैन अवस्था ।।

लागु औषध दुर्व्यसनी झन् झन् बढ्दै छ ।
नेपालमा 'नि यो समस्या जटिल बन्दै छ ।।

लागु औषधले मन–मस्तिष्कमा असर गर्छ ।
मानिसको सोच्ने शक्ति यसले कमजोर पार्छ ।।

गाँजा, स्म्याक्स, अफिम, हेरोइन यसमा पर्दछ ।
यसको दुर्व्यसनले जीवन बर्बाद गर्दछ ।।

युवाहरू बढी गर्छन् लागु औषध सेवन ।
कुलतमा परी बर्बाद पार्छन् आफ्नो जीवन ।।

युवा यसको कुलतबाट टाढै रहनुपर्छ ।
सिर्जनशील र उत्पादनशील काममा लाग्नुपर्छ ।।

लागु औषधको कुलतमा कोही पर्नु हुँदैन ।
आफ्नो जीवन कसैले 'नि बर्बाद गर्नु हुँदैन ।।

लागु औषध दुर्व्यसनले अपराध पनि गर्छ ।
हत्या, हिंसा, चोरी, लुटपाट गर्न अघि सर्छ ।।

लागु औषध ओसार–पसार पनि अपराध हुन्छ ।
कति देशले यस अपराधमा मृत्युदण्ड दिन्छ ।।

नेपालमा 'नि यससम्बन्धी बलियो कानुन छ ।
प्रभावकारी कार्यान्वयनको चाहिँ अभाव छ ।।

कानुनले मात्र यो समस्या हल हुँदैन ।
सबै एक जुट नभई यसको निर्मुल हुँदैन ॥

सबै मिली यो समस्या अन्त्य गर्नुपर्छ ॥
लागु औषध मुक्त समाज निर्माण गर्नुपर्छ ।

(kcrm70@yahoo.com)

कविता

# *मान्छीछे*



**वासुदेव घिमिरे**
**(सिन्धुली, हाल : ललितपुर)**

ड्याङमा एउटा मान्छे छ,
आफूलाई औधी जतन गर्छ,
धेरैको बिचमा थोरैमा पर्छ,
जानेजति सीप लगाउँछ,
अरूलाई खुलस्त प्रेम गर्छ,
हाँसेर बोल्छ,
हाँसेरै बोलेको मन पराउँछ ।

दु:ख बुझेको छ,
सुखलाई पछ्याउँछ,
अनि भन्छ
'म त यस्तै हो'
मलाई थाहा छैन,
उसको शारीरिक तौल कति छ ?
तर,
उसको भावना र इमान
जोख्ने तराजु छैन ।

मलाई यति थाहा छ,
उसको नाम के हो,
ऊ
नामजस्तै चम्किलो छ ।

(basughimire1@gmail.com)

कविता

# नवप्रर्वतन र उद्यमशीलताको चाहना



**यामबहादुर थापामगर**
**(बागलुङ १०, भकुन्डे, धौलेचउर, बागलुङ)**

मलाई बताइदेऊ
मलाई देखाइदेऊ
मलाई सुनाइदेऊ
नेपाल देशमा सपना बुन्ने आधारहरू,
जहाँ बाँझा खेतबारी उब्जाउ बनुन्,
जहाँ उत्पादन गर्ने मर्म बुझोस्,
आयातमा मात्र भर नपरोस् ।

कमिसनको चक्रव्यूहमा
घुम्ने योजनाहरू होइन,
उद्योग खोल्ने सपना बुन्ने नीति बनुन्,
ऋणले आकाश छुन्छ
तर धन मात्र केही घरमा जम्मा हुन्छ,
जनताको काँधमा ऋणको भार
कसरी सम्भव छ समृद्धि ?

नेता धनी, जनता ऋणी
के यही हो विकासको मोडेल ?
जहाँ भ्रष्टाचार सहज,
शुद्ध आचरण कठिन हुन्छ ।
सम्पत्ति शुद्धीकरणको प्रतिवेदन भन्छ –
देश ग्रे जोनमा,
तर प्रचारमा हामी अग्रणी ।
खुसी राष्ट्र, युनेस्को भन्छ ।
अलमलमा छ सत्य र विज्ञापन ।

काठमाडौँ सास फेर्न नसकिने सहर,
योजनाका डम्फुहरू खोल्दा
धुँवा मात्र निस्कन्छ,
तर पनि हामी सपना देख्छौँ ।

नयाँ योजना, उद्यमशील पुस्ता,
तलदेखि माथिसम्म
इमानदारीको रेखा तानौँ ।

हिसाबकिताब मिलाउनु छ ।
देशको आयव्ययलाई
न्यायपूर्ण बनाउनु छ,
स्रोतसाधन सदुपयोग,
शिक्षा र सीपको लगानी,
हातमा कलम होस्,
मस्तिष्कमा सोच,
र उद्यम बनुन् जनजीविकाको मेरुदण्ड ।

यो कविता मात्र होइन ।
नवप्रर्वतनको चाहना हो ।
र उद्यमशील नेपाल बनाउने
पहिलो प्रयास पनि ।

(yambaglung@gmail.com)

गीत

# बुकी है फुल्यो

**जानु कम्बाङ**
**(ताप्लेजुङ, हाल : हङकङ)**

बुकी है फुल्यो लेकमा लै लै, बासना छरेर
आउनू है कान्छी ! त्यो दिलबाट यो दिलमा सरेर ।

रातमा फुल्ने उज्यालो जूनले तिर्सना मेटेन
सम्झना तिम्रो आएको मनमा कसैले देखेन
वर्ष दिन बित्यो गएको तिमी काबेली तरेर
आउनू है कान्छी ! त्यो दिलबाट यो दिलमा सरेर ।

भिजायो गोठ, गोठाला दाइको रातको ठिहीले
सपना पनि देख्दिनँ अचेल, बिर्स्यौ कि तिमीले
रुमालै चिनो दिएको थिएँ फूलबुट्टा भरेर
आउनू है कान्छी ! त्यो दिलबाट यो दिलमा सरेर ।

# मुक्तक

होम सुवेदी

स्वर्गीय सौन्दर्य इलाममा पनि छ पोखरामा पनि छ
तीनजुरे सौराहा र बाजुरामा पनि छ
सौन्दर्य खोजीमा भौँतारिएका आँखा देख्ने ए दृष्टिहीनहरू हो
कता मात्रै छैन भन्नु र रारामा पनि छ डलेलधुरामा पनि छ ॥

मर्ने र मार्नेहरूले परस्परमा वाचा खाएपछि
एकले अर्कामाथि हतियार उठाएपछि
हत्या र हिंसाको राज्य ता हुने नै भयो
प्रेम र सद्भावको मार्गमा अवरोध आएपछि ॥

अहिले फेसबुकमा भुन्डिनु नै काम अरे
अल्छीले जे भेट्छ त्यही हाम अरे
परिश्रमको नाममा सिन्को भाँचोस् त मरिजानु
जसको सिङ छैन उसकै तिखे नाम अरे ॥

मायाको खेती नगर्नु नै असल रहेछ
स्वभाव भने अलिक चञ्चल रहेछ
बसउठ केही बढी भएपछि पो थाहा भो
उनको त माया व्यापार गर्ने पसल रहेछ ॥

प्रतीक्षारत मुनालाई मदनले बाहुपाशमा कस्नसम्म पाएन
मायाको बारीमा सद्भावको कुलो पस्नसम्म पाएन
दुवैका मुटुमा गहिरो घाउ लागेकोले
चोटमाथि चोट परेकोले घाउमा खाटो बस्नसम्म पाएन ॥

ठाउँमा शत्रुलाई हान्न नसकेका बमको के काम
ईश्वरनिष्ठ त्यागी सन्तलाई रमको के काम
जे लेखिन्छ कम्प्युटरमै लेखिन्छ
आफूलाई अब कलमको के काम ?

(homsuvedi@gmail.com)

कथा

# जेलभित्रको संसार

सुष्मिना शर्मा



पानी परिरहेको थियो । रमेश नदीमा खस्यो । सबै गाउँलेले उसलाई बचाउने प्रयास गरे तर वर्षाका कारण सकेनन् । रमेश जलको तीव्र प्रवाहमा बग्दै गयो र अन्त्यमा डुब्यो । सबै जना दुःखी भए । रमेशको धेरै खोजी गरियो तर उसको केही खबर आएन । अचानक एक महिनापछि कसैले त्यही नदीको किनारामा रमेशलाई फेला परेको देख्यो । तुरुन्तै उसको उपचार गरियो । तीन दिनपछि स्वस्थ भयो । रमेश एक महिनासम्म कहाँ थियो भनेर जान्न सबै गाउँले उत्सुक थिए । त्यसैले रमेशले त्यो एक महिनाको कहानी सबैलाई सुनाउन प्रारम्भ गऱ्यो ।

म नदीको गहिरो भागमा पुगेँ । त्यहाँ निकै अँध्यारो थियो । अचानक पछाडिबाट कसैको ध्वनि आयो । त्यो एउटी युवतीको वाणी थियो । उनले मलाई त्यस ठाउँमा स्वागत गरिन् । त्यसपछि मलाई स्पर्श गरेको जस्तो महसुस भयो । उनको स्पर्शले मेरो सामुको सबै अन्धकार हरायो र सुन्दर दृश्य देखियो । त्यहाँ जलपरीहरू थिए । जो ठुला ठुला रङ्गीबिरङ्गी माछामा बसेर खेल्दै थिए । त्यहाँ मानव घरजस्तै साना साना घरहरू थिए जसको रूप अद्भुत थियो । जलभित्रको सुन्दर संसार देखेर म अचम्मित भएँ । मलाई अनुभव भयो कि म पानीभित्र छु र पनि सजिलै नेत्र खोल्न र सास फेर्न सकिरहेको छु ।

मेरो पछाडि बसिरहेकी ती युवतीले मेरो मनको दुविधा जानिन् र उत्तर दिइन्, 'यी जलभित्र बास गर्ने सबै प्राणीको वास्तविक घर हो । यी जलपरी यहाँका प्रमुख हुन् । यो एउटा जादुई स्थल हो । यहाँ जो आउँछ, आफूलाई चाहेको जस्तो वातावरण पाइरहेको हुन्छ ।'

सबै मत्स्यकन्याका पुच्छर थिए । तर ती युवतीका मानिसका जस्तै खुट्टा थिए । मैले ती युवतीको परिचय सोधेँ । मेरो प्रश्न सुनेर उनले आफ्नो आँखा बन्द गरिन् । उनीबाट प्रकाश निस्कियो । मेरो आँखाअगाडि नै उनको परिवर्तन भयो । उनी अब अरू मत्स्यकन्याजस्तै देखिन थालिन् । तर अद्भुत सौन्दर्य र आभूषणका कारण फरक देखिएकी थिइन् । उनी त्यस स्थलकी रानी थिइन् । उनले आफ्नो परिचय पूर्ण गर्नुअघि, त्यहीँ खेलिरहेकी एउटी बालिकालाई पेटमा असाध्यै पीडा भयो । त्यो पीडा बालिकाका लागि असह्य भयो । सबै जना के गर्ने भनेर आत्तिरहेका थिए । मलाई यस्तो समयमा केको औषधी खानुपर्छ भनेर थाहा थियो । त्यस औषधीका लागि आवश्यक सबै सामग्री वरिपरि थिए । मैले औषधी बनाएर बालिकालाई दिएँ । औषधी ग्रहण गर्ने बित्तिकै उनी स्वस्थ भइन् ।

ती बालिका अरू कोही नभएर रानीकी छोरी, त्यहाँकी राजकुमारी थिइन् । सबैले मेरो प्रशंसा गरे । रानीले पनि आभार व्यक्त गरिन् ।

त्यहाँका चिकित्सकहरूले राजकुमारीलाई भएको पीडाको कारण पत्ता लगाउने प्रयास गरे । सफल पनि भए । त्यसको कारण जलमा भएको प्रदूषण थियो । जुन प्रदूषणका कारक मानिस थिए । यदि मैले उनको उपचार नगरेको भए सायद नै म यहाँ हुन्थेँ । त्यहाँका जनताले सबै

दोष मलाई दिने प्रयास गरे । तर रानीले त्यसो गरिनन् । उनले रानीको अधिकार प्रयोग गरेर मलाई आदेश दिइनन्, मात्र अनुरोध गरिन् कि पानी प्रदूषित हुने छैन र जलभित्र बास गर्ने प्राणीलाई मानिसका कारण केही दुःख हुने छैन ।

एक महिनासम्म मलाई त्यहाँ राजअतिथि बनाएर राखियो । मैले त्यो एक महिनामा राजमहलको सुखसुविधा भोगेँ । त्यसपछि मलाई घरको याद आयो । मैले घर फर्किन रानीको अनुमति लिएँ । रानीले वचन नबिर्सिनू भन्दै मलाई अनुमति दिइन् । उनले मलाई एउटा औँठी दिइन् र भनिन्, 'यो औँठी लगाएर सुत । भोलि बिहान तिमी तिम्रो गाउँमा पुग्ने छौ ।'

मैले त्यसै गरेँ र अहिले म आफ्नो गाउँमा छु ।

रमेशको कथामा विश्वास गर्न कठिन थियो । तर ऊ असत्य बोल्दैन भनेर सबैलाई थाहा थियो । त्यसैले सबैले विश्वास गरे र रमेशको वचनको मान राखेर प्रदूषित नदीलाई सफा गरे । अब, त्यो नदी पूर्णतः परिवर्तन भएको छ । त्यहाँ अलिकति पनि प्रदूषण छैन । रमेश आफ्नो वचन पूरा भएको देखेर खुसी छ । सबै गाउँलेले जलभित्रको त्यस सुन्दर संसारलाई एकपटक हेर्न चाहे । तर सबैका लागि सम्भव थिएन । रमेशलाई त्यहाँ रानीले लगेकी थिइन् । किनभने उसको मन सफा थियो । सबैको मन सफा हुँदैन । मन सफा नभएका मानिसलाई रानी सहयोग गर्दिनन् । रानी मात्र होइन संसारमा कोही पनि सफा मन नभएको मानिसलाई सहयोग गर्दैनन् ।

(sukukambang@gmail.com)



# *गीत*



**बाबुराम श्रेष्ठ यात्री**
**(सिन्धुली)**

हिजो जस्तै लाग्छ यतै कतै भेटिए'थ्यौँ हामी
सपनाको नौलो ससार सजाउँदै बनेथ्यौँ साथी

उस्तै छ सम्झना अनि माया समय साक्षी राखेर
हेर्नू तिमीले पनि मैले जस्तै दिलको दैलो उघारेर
सबै ताजै लाग्छ मिठा बातमा भुलेथ्यौँ हामी

जीवनको गोरेटोमा हामी अलग भएर के भो
यो समयसँग चल्दै जाँदा यो एउटा रीत भो
आजै लाग्छ सम्झनाको तरेलीमा उनिएथ्यौँ हामी ।।

हिजो जस्तै लाग्छ यतै कतै भेटिए'थ्यौँ हामी
सपनाको नौलो ससार सजाउँदै बनेथ्यौँ साथी

(shresthababuram402@gmail.com)

कथा

# जेन जीकी आमाको अन्तिम आक्रन्दन



नेत्रप्रसाद न्यौपाने

प्रभातको निलो आकाशमा सुनौलो प्रभा फिँजिँदै थियो । झ्यालबाट पस्ने उज्यालोले घरलाई जीवनको सन्देश दिएको जस्तो भान हुन्थ्यो । आकाशमा उदीयमान सूर्य, मानौँ एक नयाँ युगको आहट थियो तर आमाको आँखामा भने त्यो उज्यालो सधैँ एउटै बाटोमा अड्किन्थ्यो– उनको एक मात्र छोराको भविष्यमा ।

आमा बिहान सबेरै उठिन् । भान्सामा न्यानो धुवाँसँगै उनको स्वर मिसियो, 'बाबु ! उठ, क्याम्पस जाने बेला भइसक्यो ।'

उनको स्वर कोइलीको गुञ्जनझैँ मधुर थियो तर भित्री स्वरमा असुरक्षा र चिन्ताको तडप मिसिएको थियो ।

छोरो निद्राको मिठासमा कैद थियो । चिउँडो ओढेर, गहिरो निद्राको बहानामा ऊ क्याम्पस जान आनाकानी गर्दै थियो । आमाको मुटुमा काँडा गाडिएको जस्तो पीडा भयो । उनले कठोर स्वरमा भनेकी थिइन्, 'नपढ्ने हो भने अहिलेका नेताजस्तै बदनामी कमाइन्छ अनि मजदुरी गरेर पेट पाल्नुपर्ने हुन्छ ।'

यी शब्दहरू कठोर थिए तर भित्री अर्थ भने दयाभावले ओतप्रोत थिए । मातृत्वको प्रेम हरेक कठोर शब्दभित्र फूलझैँ लुकेको हुन्छ–काँडाले ढाकिए पनि सुगन्ध बहाइरहन्छ ।

छोरो मन नलागी नलागी उठ्यो । आमाले बनाएको तातो चिया र दुई टुक्रा बिस्कुट उसको पेटमा पुगे पनि आमाको मन सन्देहले भरियो, 'किन मेरो बाबु पढाइलाई भार ठान्छ ?'

आमाले आज एउटा उपाय सोचेकी थिइन्, 'आज उसलाई मन पर्ने परिकार बनाइदिन्छु ।' मातृत्वले सधैँ असम्भवलाई सम्भवमा रूपान्तरण गर्न खोज्छ । उनले भान्सामा दाल, दुई खालका तरकारी, अचार, दही, दुध, घिउ अनि छोराका प्रिय परिकारहरू तयार गर्न थालिन् । धुवाँले आँखामा आँसु ल्यायो तर उनले आँसु चुलोको धुवाँसँगै लुकाइदिइन् ।

समयले निर्दयतापूर्वक दौड खेल्यो ।

घडीको काँटाले १२ बजायो– छोरो फर्कने बेला । आमाले भाँडाकुँडालाई उज्यालो तुल्याइन् । उनको मुटुभित्र एउटा निश्चय थियो, 'आज मेरो बाबु खुसी हुने छ ।'

तर समयले वाचा तोड्यो ।

१२:३० भयो, छोरो आएन ।

१ बज्यो, छायासम्म देखिएन ।

आमाको हृदयमा बेचैनीको आँधी चल्यो । उनले मोबाइल समातेर सम्पर्क गरिन् तर उत्तर शून्य । क्याम्पसमा फोन गर्दा उत्तर आयो, 'कक्षा सकिएर १० बजे नै हिँडेको हो ।'

यो सुन्नासाथ आमाको आत्मामा बज्रपात भयो । शरीर शिथिल, ओठ सुक्खा, आँखा तन्द्राहीन । छिमेकी दिदीको वचनले त झनै घाउमा नुन छर्क्यो, 'कतै आन्दोलनतिर गएको त होइन ?'

आमा झस्किइन् । मोबाइल खोलेर समाचार हेर्दै गर्दा, आँखा टक्क अडिए हेडलाइनमा–
'जेन जी आन्दोलन'
'विद्यार्थी सडकमा'
'गोली प्रहार'
आमाको मुटु ढक्क भयो । आँखा अन्धकारले भरिए । मातृत्वले उनलाई आदेश दियो, 'छोरालाई भेट्नुपर्छ !'
तर सडक बन्द, सवारी साधनविहीन । उनले पैदलै बाटो समाइन् । बाटाभरि नाराजुलुस, 'मुर्दावाद !', 'जनता जाग !'का गड्गडाहटहरू । भिडको हुङ्कारले कान र हृदय दुवै थर्थराए तर मातृत्वले डरलाई जित्यो ।
भिडबिच उनले देखिन्– रगतको आहाल । त्यसमै एउटा विद्यार्थी लडिरहेको थियो । उसको ओठबाट जीवन र मृत्युको सीमामा निस्किरहेका शब्दहरू, मानौँ युगको घोषणाजस्तै थिए, 'शुद्ध राजनीति, पारदर्शी शासन ।'
दक्षता र इमानदारी - राष्ट्रको आधार ।
भ्रष्टाचारविहीन राष्ट्र, युवामैत्री प्रशासन ।
समान अवसर, समान अधिकार ।'
त्यो स्वर क्रमशः मन्द हुँदै गयो । शरीर भुइँमा ढल्यो । अनुहार रगतमा मुछिएकाले चिन्न सक्ने अवस्था थिएन । आमाले उसको अनुहार हेर्दा आफ्नै छोराको छाया देखिन् । डरले उनको आत्मा चिरियो, 'मेरो छोरा पनि कतै यही अवस्थामा त छैन ?'
त्यसै बेला अर्को विद्यार्थीले आँसुमा चिच्याउँदै भन्यो, 'मेरो साथीलाई गोली लाग्यो ।'
आमाले आँसु झारिरहेको बालकलाई सोधिन्, 'उसको नाम के हो ?'
उसले सहजै भनिदियो, 'जेन जी हो । यो नाम सुन्नासाथ आमा भक्लक्कै ढलिन् । चेत हरायो । भिडले करायो, 'वृद्ध आमालाई समेत सरकारले गोली हानेर ढाल्यो !'
आमालाई आन्दोलनकारीले बोकेर अस्पतालतर्फ लगे । बाटैमा उनले चेत पाइन् । ओठबाट अन्तिम मातृत्वीय आक्रन्दन निस्कियो, 'मेरो छोरो !
मेरो सपना अधुरो भए पनि तिमी राष्ट्रको उज्यालो बन्नुपर्छ ।
शिक्षा र इमानदारी कहिल्यै नत्याग, यही तिम्रो सम्पत्ति हो ।
दुःखलाई जित्ने साहस नै सफलता हो ।
भोकै भए पनि कसैको अधिकार खोसेर नखाऊ,
सत्कर्मले मात्र अमरत्व मिल्छ ।'
उनको स्वर काँपिरहेको थियो तर वचन अनन्त बनेका थिए ।
'म मरे पनि मेरो आशीर्वादले ढालझैँ तिम्रो रक्षा गर्ने छ ।
मेरा आँखा बन्द भएपश्चात् पनि तिम्रो असल नाम सुन्ने मोह जीवित रहिरहने छ ।'
यति भन्दै गर्दा गोलीको अर्को आवाज आयो । भिड तितरबितर भयो । आमाको टाउकोमा गोली लाग्यो । जब अस्पताल पुऱ्याइयो, डाक्टरले निस्तब्ध स्वरमा भने, 'आमा र छोरा दुवैको मृत्यु भइसकेको छ ।'
अस्पतालबाहिर आन्दोलनकारीहरूको स्वर गुन्जिरहेको थियो, 'यो राष्ट्रले मातृत्व र युवाको

बलिदानलाई कहिल्यै बिर्सनु हुँदैन ।
जेन जी पुस्ता जिन्दावाद !
सहिद जेन जी अमर रहून् !'

रातो आकाश, टल्किने आँसु अनि मातृत्वको अन्तिम आक्रन्दन इतिहासको पानामा अनन्त लेखिएको थियो ।

जीवन शून्य छ– यो मात्र भौतिक अस्तित्वको क्षणिक आभास हो तर मातृत्व भने अनन्त, अमर र अविनाशी छ । मानौँ एउटा नदी, जसले आफू फोहोर पानीमा मिसिए पनि सतत बगाइरहन्छ र छोराछोरीको अस्तित्वमा जीवनको सिँगार फैलाउँछ । जीवन भने समयको आकाशमा उदीयमान सूर्यजस्तै क्षणिक झिल्को हो तर मातृत्वको माया हावामा फैलिएको सुवासझैँ, धर्तीभरि फैलिन्छ । यो माया कहिल्यै मेटिँदैन, न घट्छ न हराउँछ–जुन आँखाबाट आँसु झर्छ, त्यसै आँसुले भविष्यको बिउ सिञ्चन गर्छ । जीवन एउटा सुक्खा पात हो जुन हावासँग उड्छ तर मातृत्व भने त्यो पातलाई समेट्ने आँधीको जस्तो, जो कहिल्यै नष्ट हुँदैन र भविष्यको उर्वर भूमि तयार पार्छ । मातृत्वले मृत्युलाई पनि मात दिन्छ, समयको निर्बन्धतालाई चुनौती दिन्छ र अस्तित्वको शून्यतामाथि अमर प्रेमको सूर्य चम्काइरहन्छ ।

गीत

# *गीत*



**तेजविलास**

अलिकति मेरो प्रेम घामसँग छ
अलिकति मेरो प्रेम नामसँग छ ।

उकाली र ओरालीका कथासँग छ
भोकभोकै रमाएका व्यथासँग छ ।

जति लोभ गऱ्यो उति बढी हुने दुःख
खोजिर'न्छु अभावमा दुःखसँगै सुख ।

अलिकति मेरो प्रेम घामसँग छ
अलिकति मेरो प्रेम नामसँग छ ।

(tejkamere@gmail.com)

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**पुस्तक सेन्टर**

**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार**

**०१-५३६६७८० ९८४१-३६७७६२**

कथा

# अनुत्तरित प्रश्न



नन्दलाल आचार्य

सधैँ एकाबिहानै मेरो मनको क्षितिजमा एउटा संशयको बादल मडारिन्थ्यो– 'समयको यो दौडमा उहाँ पहिले छुट्नुहोला कि उहाँसँगको मेरो अस्तित्वको त्यान्द्रो पहिले चुँडिएला ?'

यो प्रश्न कुनै व्यक्ति विशेषको मात्र थिएन, यो त गुरु र शिष्य, शासक र शासित, अनि समय र मान्छेका बिचको शाश्वत द्वन्द्वको एउटा दार्शनिक प्रतिध्वनि थियो ।

त्यस दिन भने समयको पदचापभन्दा दुई कदमअगाडि नै मेरो निद्रा भङ्ग भयो र म ब्युँझिएँ । बाहिर निस्किएँ । अन्धकार र उज्यालोको चेपमा परेको त्यो समय 'भोर'को मधुरो मुस्कानजस्तो मात्र थियो । म वरपर ओहोरदोहोर गरिरहेको थिएँ; मानौँ म एउटा घडीको पेन्डुलम हुँ, जो एउटै निश्चित परिधिभित्र जीवनको अर्थ खोजिरहेछ । मेरो शारीरिक कसरत त भइरहेको थियो तर आँखा भने एकोहोरिएर उहाँकै कोठातिर तन्किएका थिए । अँध्यारोमा बाटाका ढुङ्गा र इँटाहरू तिखा काँडाझैँ बिझ्न खोज्दै थिए । ती ढुङ्गाहरू अव्यवस्थित मात्र थिएनन्, ती त हाम्रो समाजको विसङ्गति र असुरक्षित भविष्यका प्रतीकजस्ता लाग्थे, जहाँ पाइला पाइलामा ठेस लाग्ने डर प्रबल हुन्थ्यो ।

मेरा बुढ्यौली चढेका आँखा र मन्द प्रकाशबिच एउटा युद्ध चलिरहेको थियो । पचास वर्षको अनुभवले भरिएका यी नयनहरूले गोलबजार क्षेत्रको बाटो ठम्याउन सकिरहेका थिएनन् । कान भने उताको कोठाबाट आउने एउटा सूक्ष्म ध्वनिलाई समात्न आतुर थिए, मानौँ त्यो कुनै मुक्ति–मन्त्र होस् ।

हाम्रो एउटा अघोषित 'जीवन–तालिका' थियो । बिहानको पाँच नबज्दै ओछ्यानको न्यानोलाई तिलाञ्जली दिएर हामी निस्कन्थ्यौँ । उहाँ, जो पदले हाकिम हुनुहुन्थ्यो तर व्यवहारले एउटा आत्मीय सहयात्री । हामी दुवैले दैनिक पाँच–सात किलोमिटरको दूरी तय गर्थ्यौँ । त्यो केवल हिँडाइ मात्र थिएन, त्यो त विचारहरूको आदानप्रदान र समाजका जरा खोतल्ने एउटा बौद्धिक यात्रा थियो । बिहान ६ बजे समाचारका तरङ्गहरूमा विश्व नियाल्न उहाँ हतारिनुहुन्थ्यो भने म सात बजेको नेपाली कक्षामा 'आजको पुस्तालाई कुन प्रगतिशील चेतना दिने ?' भन्ने ध्याउन्नमा हुन्थेँ ।

त्यस दिन पनि उहाँको कोठामा बत्तीको एउटा सानो किरण देखियो । म त पहिल्यै निस्किएर थाकिसकेको थिएँ । महतोजीको घरतिरबाट फर्किँदा उहाँको भान्साको बत्ती पनि बल्यो र केही बेरमै झ्याप्प निभ्यो । अन्धकार फेरि गाढा भयो । म गेटनजिकै एउटा सालको ठुटोजस्तै ठिङ्ग उभिरहेँ ।

अचानक ढोका लागेको आवाज आयो । तर म र उहाँका बिचमा लिचीको एउटा ठुलो बिरुवा पर्खाल बनेर उभिएको थियो । त्यो बिरुवा केवल वनस्पति थिएन, त्यो त हामीबिचको पदीय मर्यादा र कहिलेकाहीँ उब्जने असमझदारीको पर्खाल थियो । मैले गेटतिर आँखा गाडेँ तर

उहाँलाई देखिनँ । सायद उहाँ अघि बढिसक्नुभयो कि ?
गोजी छामेँ– मोबाइल कोठामै चार्जमा थियो । मेरो सम्पर्क सेतु टुटेको थियो । अब म पूर्णतः एक्लो थिएँ । अगाडि बाटामा एउटा मानवाकृति देखियो । हिँडाइको लय, जिउडाल र पोसाक दुरुस्तै उहाँको जस्तै ! मलाई लाग्यो, लक्ष्य त्यही हो । मैले मेरा पाइलामा पखेटा हालिदिएँ । विडम्बना ! म जति छिटो दौडन खोज्थेँ, दूरी उति नै बढ्दै जान्थ्यो । मेरो शरीरमा २०७४ सालदेखि पक्षाघातको छाया थियो, जसले मलाई उड्न दिँदैनथ्यो । लाजले कराउन पनि सकिनँ । मधेसको बस्तीमा एकाबिहानै कराउँदा मानिसहरूले भन्लान्– 'भोर, भोरमे नेपाली मास्टर्वा बताहा भेलै कि केना !' (बिहानै यो नेपाली मास्टर बौलायो कि क्या हो !)।
हो, यो समाजमा मान्छेको संवेदनाभन्दा बढी उसको प्रतिष्ठाको मूल्याङ्कन हुन्छ । म शिक्षक थिएँ । समाजको ऐना थिएँ । त्यसैले मेरो चिच्याहटलाई पनि मर्यादाको साङ्लोले बाँधेका हुन्थे । मैले मनमनै मैथिलीमा भनेँ– 'सर, कनिकाल रूकु । दरबर चलैला हमरा कठनाई होइछै ।' (सर, एक छिन पर्खिनुस्, मलाई छिटो हिँड्न गाह्रो भयो)।
यो मैथिली प्रेम केवल संवाद थिएन, यो त मधेसको माटोसँग जोडिने मेरो एउटा सानो अहङ्कारपूर्ण प्रयास थियो । म देखाउन चाहन्थेँ– म यहाँको माटो र भाषासँग एकाकार छु । तर मेरा शब्दहरू हावामै बिलाए ।
हामी बिचको दूरी झन् झन् फराकिलो हुँदै गयो । २०७७ साल फागुन २६ गतेको त्यो बिहान, सूर्योदय त भएको थिएन तर पूर्वको क्षितिजमा एउटा रक्तवीर आभा देखिन थालेको थियो । जगत्मा अझै अँध्यारोकै साम्राज्य थियो । अचानक एउटा टेम्पो कर्कश आवाज निकाल्दै, मुस्लाका मुस्ला धुलो र धुँवा उडाउँदै आयो । त्यो पुँजीवादी कोलाहलको प्रतीकजस्तै थियो, जसले शान्त यात्रालाई बिथोलिदिएको थियो । त्यही धुलोको पर्दाभित्र उहाँको आकृति एकाएक गायब भयो ।
म अवाक् भएँ । कतै यो सबै मेरो दृष्टिभ्रम त होइन ? मैले आफूलाई सम्झाएँ– 'हार मान्नु हुन्न । यदि गन्तव्य पुग्नु छ भने वायुपङ्खी घोडाको चालमा दौडिनुपर्छ । प्रगतिशील मान्छे कहिल्यै थकित हुनुहुन्न ।'
मैले फेरि सेतो आकृतिलाई पछ्याउन थालेँ । पिच बाटो छाडेर कच्ची बाटोमा मोडिएँ । त्यो भत्किएको थियो जहाँ पैनीका खाडलहरू मृत्युको मुखजस्तै ह्वाङ्ङ खुलेका थिए । म अन्धभक्त भएर त्यस आकृतिको पिठ्युँ हेर्दै अघि बढेँ । उनी नजिक पुग्थेँ तर उनी ओझेल पर्थे । मेरो मनमा निराशाको बादल मडारिन थाल्यो । तत्कालै एउटा क्रान्तिकारी विचार आयो– 'नकारात्मक भावना त जीवनको शत्रु हो ।'
मैले फेरि साहस बटुलेँ ।
अन्त्यमा, त्यस आकृतिले मतिर पुलुक्क हेऱ्यो र एउटा गल्लीतिर मोडियो । त्यो गल्ली राइस मिलतिर जान्थ्यो । मेरो मुटुको धड्कन बढ्यो । त्यो उहाँ हुनुहुन्नथ्यो ! म त एउटा भ्रमको पछि दौडिरहेको रहेछु ।
त्यस क्षणले मलाई ठुलो झड्का लगायो । म को हुँ ? म कहाँ जाँदै छु ? मैले कसलाई पछ्याइरहेको थिएँ ? के हामी सबै यसै गरी समाजमा भ्रमको पछि दौडिरहेका त छैनौँ ?

कसैको पद, कसैको पोसाक र कसैको बाहिरी आवरणलाई सत्य मानेर हामी आफ्नो मौलिक बाटो नै बिर्सिरहेका त छैनौँ ?

मैले आफैलाई अपराधी महसुस गरेँ । म त गद्दार पात्र रहेछु । सहयात्रीलाई धोका दिएर एउटा अज्ञात छायाको पछि लाग्ने, म कस्तो मान्छे ? मलाई लाग्यो, म उभिएको धर्ती नै भासिँदै छ । इज्जत, प्रतिष्ठा र पेसागत मर्यादाका प्रश्नहरू मेरा अगाडि पहाड बनेर उभिए । मैले एउटा कुरा बुझेँ– गल्ती हुनु मानवीय स्वभाव हो तर गल्ती स्वीकार्नु वीरता हो । विनम्रता नै त्यो हतियार हो जसले कठोरभन्दा कठोर हाकिमको मन पगाल्न सक्छ । शास्त्रले भन्छ– 'शरण परेकालाई मरण गर्नुहुन्न ।'

यही विचारले मेरो मनमा एउटा दीप प्रज्वलित भयो । ओठमा मुस्कान फर्कियो । वरपरको प्रकृति फेरिएको जस्तो लाग्यो । सडक पेटीका बोटबिरूवाले मलाई स्वागत गरेझैँ लाग्यो । म हिँड्दै शिव मन्दिर पुगेँ । भोलिपल्ट महाशिवरात्रि थियो । मन्दिर बेहुलीझैँ सिँगारिएको थियो । म पूजाआजा गर्ने कट्टर भक्त त थिइनँ तर त्यस भव्यताले मलाई एउटा कुरा सिकायो– 'हरेक अँध्यारो रातपछि एउटा उत्सव आउँछ ।'

जब म कोठामा फर्किएँ, बिहानको ५:४१ भइसकेको थियो । सूर्यका स्वर्ण किरणहरूले धर्तीलाई चुमिरहेका थिए । तर मेरो मनको एउटा कुनामा दाग बाँकी नै थियो ।

दिनभरि विद्यालयमा पढाउँदा पनि मेरो मन शान्त भएन । बेलुका जब उहाँसँग जम्काभेट भयो, तब मात्र रहस्यको पर्दा खुल्यो । उहाँ त मलाई खोज्दै पुरानै बाटोमा हिँडिरहनुभएको रहेछ ! म भने भ्रमको सेतो छायालाई उहाँ ठानेर अर्कै बाटो लागेछु ।

हामी दुवैले एकअर्कालाई खोजिरहेका थियौँ तर गलत दिशामा ।

यहाँ आएर एउटा गहिरो प्रश्न ठोकिन्छ– 'कोठाबाट पहिले को निस्कियो ?'

यो प्रश्न केवल समयको गणना होइन । यो त सत्य र भ्रमबिचको त्यो सूक्ष्म रेखा हो जसलाई हामी कहिल्यै ठम्याउन सक्दैनौँ । हामी अक्सर सत्यलाई आफ्नै अगाडि देख्दैनौँ र भ्रमको पछि माइलौँ दौडिन्छौँ । हाम्रो समाजमा हामीले पछ्याइरहेका 'आदर्श'हरू कतै त्यही 'सेतो आकृति'जस्तै भ्रम त होइन ?

उहाँ र मबिचको त्यो अनुत्तरित प्रश्न अझै एउटा घोचो बनेर ठडिएको छ । तर यसले मलाई एउटा पाठ सिकाएको छ, अरूको छाया पछ्याउनुभन्दा आफ्नै विवेकको उज्यालोमा हिँड्नु वास्तविक मर्निङ वाक हो । जीवन एउटा यात्रा हो, जहाँ कहिलेकाहीँ हामी आफैले आफैलाई हराउँछौँ । तर जब हामी भ्रमबाट मुक्त हुन्छौँ, तब मात्र वास्तविक उज्यालोको अनुभूति हुन्छ ।

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**

**अक्षरधाम प्रकाशन, बागबजार**

**सम्पर्क : ०१–५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**

akshardhamprakashan@gmail.com | akshardham.com.np

दर्शन

# प्रतीत्य समुत्पादको सिद्धान्त : बौद्ध दर्शनको मेरुदण्ड



**कमल सिलवाल**

## पृष्ठभूमि

इसापूर्व ६२३ मा नेपालको लुम्बिनीमा जन्मनुभएका महामानव गौतम बुद्धले बुद्धत्व प्राप्त गरेपश्चात प्रदान गर्नु भएका देशन (उपदेश) हरूबाट आरम्भ भएको दर्शन बौद्ध दर्शन हो । बौद्ध दर्शन वा बौद्ध धर्म जे भने पनि लगभग २,६०० वर्षअघिका बुद्धका उपदेश र शिक्षाहरू आजको परिवेशमा पनि उत्तिकै उपयुक्त र सान्दर्भिक भेटिन्छन् । अझ अहिलेको समयमा त बुद्धका शिक्षाको महत्त्व र आवश्यकता बढ्दै छ । बौद्ध दर्शन कुनै समुदाय वा सम्प्रदाय विशेषको नभई यो त समस्त मानव जातिका लागि पथप्रदर्शक दर्शन हो भन्दा अत्युक्ति नहोला । जातिवाद र विभिन्न धार्मिक सम्प्रदायमा बाँडिएको अहिलेको विश्वमा मानवताको पाठ सिकाउने बौद्ध दर्शनलाई केवल धर्मका रूपमा मात्र बुझ्न खोज्नु भनेको दर्शनको गहिराइ नबुझ्नु हो । दार्शनिक चिन्तनका रूपमा भगवान् बुद्धले धेरै विषयवस्तु प्रस्तुत गर्नुभए पनि उहाँद्वारा प्रस्तुत सबैभन्दा मौलिक, गहन र गुढ सिद्धान्त भनेको प्रतीत्य समुत्पादको सिद्धान्त हो । यस सिद्धान्तलाई बुद्धको सबैभन्दा महत्त्वपूर्ण अन्तर्दृष्टि मानिन्छ । उपदेशका क्रममा फुत्त निस्किएको कुनै उपदेश नभई गहन ध्यानको अवसरमा प्राप्त यो ज्ञान बौद्ध दर्शनको मेरुदण्ड हो । यस सिद्धान्तले समस्त अस्तित्वको मूल प्रकृति, दुःखको समुत्पति र त्यसबाट मुक्तिको एक मात्र सम्भावित मार्गको वैज्ञानिक व्याख्या प्रस्तुत गर्छ । यस सिद्धान्तले 'किन' र 'कसरी' प्रश्नहरूको शृङ्खलाबद्ध जाललाई सुल्झाउँदै, संसारको कार्य-कारणसम्बन्धी तन्त्रलाई स्पष्ट ढंगले उद्घाटन गर्छ । त्यसैले यसलाई कार्यकारण सिद्धान्त पनि भनिन्छ । प्रतीत्य समुत्पादको सिद्धान्त केवल दार्शनिक विचार मात्र होइन, बुद्धको अनुभवजन्य सत्य हो जसले जीवनको सम्पूर्ण यथार्थलाई समेट्छ ।

## सिद्धान्तको मूल स्वरूप

'इमस्मि सति इदं होति; इमस्स उप्पाद इदं उप्पज्जति । इमस्मिं असति इदं नहोति; इमस्स निरोध इदं निरूज्झति' अर्थात् यसो भएको अवस्थामा यो हुन्छ यसो उत्पत्ति भएको अवस्थामा यसको उत्पत्ति हुन्छ । यसो नभएको अवस्थामा यो हुँदैन यसको निरोध भएको अवस्थामा उसको निरोध हुन्छ । स्पष्ट शब्दमा भन्नुपर्दा कुनै पनि घटना, वस्तु वा अवस्था स्वतन्त्र रूपले स्वतःस्फुर्त रूपमा अकारण उत्पन्न हुँदैन । प्रत्येक कुरालाई अस्तित्व र विशेषताका लागि धेरै कारण र अवस्थामा निर्भर हुनुपर्छ । ती कारण र अवस्थाहरू पनि आफैमा पूर्ण हुँदैनन्, तिनीहरू पनि अरू कुनै कारणमा आश्रित हुन्छन् । यसरी समस्त अस्तित्व एउटा विशाल, गतिशील र परस्पर सम्बद्ध कारणात्मक जालमा बाँधिएको हुन्छ । यही नै प्रतीत्य समुत्पादको मूल दर्शन हो । प्रतीत्य समुत्पादको अर्थ कारणको अपेक्षा राखेर वा कारणमाथि निर्भर रहेर कार्यको उत्पत्ति हुनु भन्ने हुन्छ । (बुद्धवादका तीन आयाम, पृ. १४) त्यसैले यस सिद्धान्तलाई कार्यकारणवाद पनि भनिन्छ ।

बुद्धको समयमा समाजमा ईश्वरीय कृपा र अलौकिक रहस्यको गहिरो धारणा थियो । संसारमा जे छ सबै ईश्वरीय कृपा हो र ईश्वरको इच्छा विरूद्ध केही हुन सक्दैन भन्ने धारणाका बिचमा बुद्धको प्रतीत्य समुत्पादको सिद्धान्तले तरङ्ग मात्र होइन, चिन्तनका क्षेत्रमा क्रान्तिकारी युगको नै आरम्भ गरेको थियो । यस सिद्धान्तले मूलतः तीन सत्यलाई जोड दिन्छ :

- अनित्य (अनिच्च) : सबै वस्तु वा अवस्था एकअर्कामा निर्भर भएर उत्पन्न भएका छन्, त्यसैले कुनै पनि वस्तु स्थायी छैन । सबै अनित्य छन् र परिवर्तनशील छन् ।
- दुःख (दुक्ख) : संसार नै अनित्य र परिवर्तनशील छ । यसैले सबै कुरा नियन्त्रणभन्दा बाहिर छ । नियन्त्रणभन्दा बाहिर भएको वस्तु वा अवस्थाप्रतिको आशक्तिले दुःख सृजना गर्छ ।
- अनात्म (अनत्ता) : संसारमा कुनै पनि स्वतन्त्र, अविनाशी र स्थायी 'आत्मा' वा 'स्व' भन्ने कुरा छैन । स्वयम् व्यक्ति पनि निरन्तर परिवर्तनशील मानसिक र शारीरिक तत्त्वहरूको गठजोड मात्र हो ।

**प्रतीत्य समुत्पाद : दुःख उत्पति र निरोधको चक्र**

प्रतीत्य समुत्पादलाई स्पष्ट पार्न प्रतीत्य समुत्पादका बाह्र अङ्ग छन् । यी अङ्गहरू कार्यकारण शृङ्खलामा घडीजस्तै घुमिरहन्छन् । पहिलोको कारणले दोस्रो उत्पन्न हुन्छ भने दोस्रोको कारणले तेस्रो । यसै गरी यो शृङ्खला चलिरहन्छ । यो शृङ्खलालाई कतै धर्मचक्र त कतै भवचक्र भनिन्छ । त्यस्तै कतै यसलाई संसारचक्रका रूपमा चिनिन्छ त कतै जन्ममरणचक्रका रूपमा पनि चिनिन्छ । प्रतीत्य समुत्पादका बाह्र अङ्गलाई बाह्र निदान पनि भनिन्छ । तिनलाई यसरी बुझ्न सकिन्छ :

१. अविद्या (अज्ञान) : अविद्या प्रतीत्य समुत्पादको पहिलो अङ्ग हो । अविद्याको अर्थ अज्ञान हुन्छ । भगवान् बुद्धका अनुसार प्रकृतिलाई यथार्थ रूपमा नबुझ्नु वा गलत बुझ्नु नै दुःखको मूल कारण हो । अविद्याको नाश केवल विद्याबाट मात्र सम्भव छ । अविद्याका कारण मानिस लोभमोहको वशमा क्लेशयुक्त भएको छ । अविद्याले अवस्था वा वस्तुलाई त्यसको वास्तविक रूपमा देख्न दिँदैन । अविद्याले तत्त्वलाई बुद्धि र तर्कको घेराभित्र राखिदिन्छ र त्यहाँबाट उम्कनै दिँदैन (बुद्धवादका तीन आयाम, पृ. १५) । अविद्याले कर्मसंस्कारलाई प्रभाव पारिरहेको हुन्छ ।
२. संस्कार (कर्म संस्कार) : मानसिक इच्छाहरूमा कर्मका बिउहरू उत्पन्न हुन्छन् । ती बिउहरू कुशल, अकुशल वा उभयात्मक हुन सक्छन् । संस्कारहरूले पुनर्जन्मको प्रवृत्तिलाई निर्देशित गर्छन् । पूर्वजन्मका कर्महरू नै संस्कारका रूपमा हस्तान्तरित हुन्छन् । अविद्याका कारण भएका अकुशल वा कुशल कार्यहरू नै कर्मसंस्कारका रूपमा पूर्वजन्मबाट निःसृत भएको मानिन्छ । यही संस्कारले पुनर्जन्ममा विज्ञानको धरातल निर्माण गरिरहेको हुन्छ ।
३. विज्ञान (चेतना) : विज्ञान चेतनाको उपज हो । पुनर्जन्ममा ग्रहण हुने विशेष प्रकारको चेतना जसको निर्माण अघिल्लो जन्मको कर्मसंस्कारले निर्माण गरेको हुन्छ, यही चेतनाले आगामी जीवनका आधारभूत ढाँचाहरू निर्माण गरिरहेको हुन्छ । चेतना आमाको गर्भमा नै प्रवेश भइसकेको हुन्छ । यस्तो चेतना सीमित, सापेक्ष र सविकल्प हुन्छ । विज्ञानले नामरूपको आधारशीला तयार गर्छ ।

४. नामरूप (मानसिक र शारीरिक गठन) : नाम र रूप मिलेर बनेको यो शब्दले मानसिक (नाम) र शारीरिक (रूप) भन्ने अर्थ बोक्छ । अर्थात् मन र शरीरको गठन नै नामरूप हो, जसलाई चेतनाले आकार दिइरहेको हुन्छ । शरीर रूप हो भने मनलाई वेदन, संज्ञा, संस्कार, विज्ञान आदि नामले चिनिन्छ । यी दुवै तत्त्वहरू एकअर्कामा आश्रित हुन्छन् । चेतनाले कर्मफल उपभोग गर्नका लागि इन्द्रिय तथा मनसहितको शरीरको अपेक्षा गरेअनुरूप भ्रूण अवस्थामा नै नामरूप विकास भइरहेको हुन्छ । नामरूपको विकासले षडायतनको विकासको धरातल निर्माण गरिरहेको हुन्छ ।

५. षडायतन (छ इन्द्रिय क्षेत्र) : जन्मसँगै मनोभौतिक शरीरमा पाँच इन्द्रिय र एक मनोइन्द्रिय गरी छ आयतनको विकास भइसकेको हुन्छ । यी आयतनहरूले बाह्य संसार र चेतनाबिच सम्पर्क माध्यमको कार्य गर्छन् । इन्द्रिय अङ्गहरूले भौतिक रूप देख्छन् भने मनले गुण अवगुणको विश्लेषण गर्छ । यिनै आयतनहरूले स्पर्शको आधार तयार गर्छन् ।

६. स्पर्श (सम्पर्क) : स्पर्श अनुभवको पहिलो चरण हो । स्पर्शको सोझो अर्थ छुनु वा सम्पर्क गर्नु हो । इन्द्रिय, अङ्ग, बाह्य वस्तु र चेतनाको संयोगबाट स्पर्श उत्पन्न हुन्छ । भर्खर जन्मेको बालकले बाह्य जगत्को अनुभव नै स्पर्शका माध्यमबाट गर्छ । आँखाले हेरेर वा कानले सुनेर गरिने अनुभव चेष्टाहरू नै स्पर्श हुन् । यी चेष्टाहरू नैसर्गिक र स्वाभाविक प्रवृत्ति हुन् । यिनै स्पर्शहरूले वेदनाको आधारभूमि तयार गर्छन् ।

७. वेदना (अनुभूति) : वेदना भन्नाले इन्द्रियहरूले थाहा पाउने अनुभूति हो । स्पर्शबाट तीन प्रकारका वेदना अनुभूति उत्पन्न हुन्छन्, सुख, दुःख वा उपेक्षा (न सुख न दुःख) । उपेक्षालाई उदासिन वेदना पनि भनिन्छ । स्पर्शले बाह्य जगत्को ज्ञान दिन्छ भने वेदनाले अन्तर्जगत्को ज्ञान प्रदान गर्छ । यही वेदनाले तृष्णा उत्पन्न गराउँछ ।

८. तृष्णा (लालसा) : तृष्णा आशक्तिको मूल हो । वेदनाले सुख र दुःख छुट्याएपछि इन्द्रिय सुख उपभोग गर्ने तीव्र लालसा उत्पन्न हुनु नै तृष्णा हो । यही नै दुःखको जड पनि हो । सुखको तृष्णाले दुःखको दलदलमा धकेलिरहेको हुन्छ । तृष्णाको उत्पत्तिसँगै उपादानले जन्म लिइरहेको हुन्छ ।

९. उपादान (ग्रहण) : चिनीमा कमिला टाँसिएझैँ विषयसुखमा टाँसिनु र भोगविलासमा नराम्रोसँग फस्नु नै उपादानको हो (भारतीय दर्शन : आलोचन और अनुशीलन, पृ. ५३) । जब 'म' भन्ने तत्त्वको प्रभाव बढ्छ र तृष्णाको पकड बलियो बन्छ, तब विलासिता र तृष्णा तह उच्च हुन्छ । यही विलासिताको कामना र ग्रहणशीलता नै उपादान हो जसले भवको निर्माण गर्छ ।

१०. भव (अस्तित्व) : भवको अर्थ फलउन्मुख कर्मको फल भोग गर्न जन्म वा पुनर्जन्म लिने सङ्कल्प गर्नु हो (भारतीय दर्शन : आलोचन और अनुशीलन, पृ. ५३) । विषयसुखमा आशक्त भएर जब मान्छे असल खराबको वास्ता नगरी विषयवासना र सुखभोगमा आशक्त भएर कर्म गर्छ तिनै कर्मले नयाँ जन्मको शृङ्खला निर्माण गरिरहेको हुन्छ । भवले जातिको आधारशीला तयार गर्छ ।

११. जाति (जन्म) : जातिको अर्थ जन्म हो । यसलाई पुनर्जन्म पनि भन्न सकिन्छ । भवका

कारण जन्म उत्पन्न हुने हुँदा भवमा गरिएका कर्मका फलहरू भोग्न, जन्म या पुनर्जन्म हुने गर्छ । जातिले जरामरणको आधार तयार गर्छ ।

१२. जरामरण (वृद्ध र मरण) : जन्मसँगै बुढ्यौली, रोग, मरण आदि लिएर मान्छे आउँछ । जवानीमा भएको भर्भराउँदो शरीर बुढ्यौलीसँगै चाउरिन थाल्छ र एक दिन मृत्युको मुखमा पुग्छ । मरणभन्दा ठुलो अर्को कुनै शोक छैन ।

जरामरण प्रतीत्य समुत्पादको अन्तिम अङ्ग भए तापनि यो चक्र यहीँ रोकिँदैन । अविद्या, संस्कार हुँदै निरन्तर चलिरहन्छ । यस चक्रबाट मुक्ति पाउने उपाय भनेकै विद्या हो, जसले अविद्यालाई नष्ट गर्छ । अविद्या नष्ट नभइन्जेल यो चक्र चलिरहन्छ । एकले अर्कोलाई जन्माइरहन्छ ।

उपर्ल्लिखित बाह्र अङ्गहरू अनुलोम (अविद्यादेखि जरामरणसम्म) रूपमा वर्णित छन् । भारतीय लेखक विद्वान् चन्द्रधर शर्माले **भारतीय दर्शन : आलोचन और अनुशीलन**मा बौद्ध दर्शनबारे लेख्ने क्रममा पृष्ठ ५३ र ५४ मा प्रतीत्य समुत्पादको प्रतिलोम (जरामरणदेखि अविद्यातर्फ) को निरूपण गरेका छन् । उनको निरूपणमा प्रतीत्य समुत्पादका अङ्गहरूलाई जरामरणदेखि प्रतिलोमका आधारमा अध्ययन गर्दा यो सिद्धान्तलाई अझ व्यापक रूपमा बुझ्न मद्दत पुग्छ । प्रतिलोम निरूपणमा बाह्र अङ्गको विश्लेषण यसरी गरिएको छ :

हामीलाई अप्रिय भेट, प्रिय बिछोड, व्याधि, शोक, जरामरण आदिमा दुःख किन हुन्छ ? किनभने हामीले जन्म लिएका छौँ । हामी जन्म अथवा पुनर्जन्म किन लिन्छौँ ? किनभने हामीले पुनर्जन्म लिने कर्म गरेका छौँ र ती कर्महरू भोग गर्ने इच्छा हामीमा छ । कर्म र इच्छा किन हुन्छन् ? किनभने हामी भोगविलासमा आशक्त भएर त्यसैमा नै टाँस्सिएका छौँ । यो आशक्ति किन हुन्छ ? किनभने हामीमा भोगको तृष्णा छ । यो तृष्णा किन हुन्छ ? किनभने भोगले इन्द्रिय संवेदनाजन्य सुख प्रदान गर्छ । यो संवेदना किन हुन्छ ? किनभने इन्द्रिय र विषयको सम्पर्क हुन्छ जसले संवेदना जन्माउँछ । यो सम्पर्क किन हुन्छ ? किनकि हामीसँग छओटा आयतन छन् जसको काम नै विषयसँग सम्पर्क गर्नु हो । यी छ इन्द्रिय (आयतन) किन हुन्छन् ? किनभने हामीसँग नाम रूपात्मक मनोभौतिक शरीर छ र त्यही शरीरमा यी इन्द्रिय उत्पन्न हुन्छन् । त्यही नामरूपमा नै विज्ञान अनुप्रमाणित हुन्छ । विज्ञान यसमा किन प्रविष्ट हुन्छ ? किनभने पूर्व कर्महरूले उसलाई बाध्य बनाएको हुन्छ । यो कर्मसंस्कार किन हुन्छ ? किनकि अविद्या कर्ममा प्रवृत्त भएको हुन्छ ।

यसरी हेर्दा अविद्या नै सबै दुःखको मूल कारण हो । अविद्याको नाश गर्नु नै निर्वाण हो ।

**प्रतीत्य समुत्पाद सिद्धान्तको व्यावहारिक पक्ष**

प्रतीत्य समुत्पाद केवल सैद्धान्तिक विषय मात्र होइन । यो त जीवन बाँच्ने कला र दुःखबाट मुक्त हुने व्यावहारिक विधि हो, मन्त्र हो । यो सिद्धान्तले दुःखको वास्तविक स्रोतलाई तृष्णा र अविद्याका रूपमा देखाएको छ । जब मानिस तृष्णामुक्त हुन्छ र जो जे हो त्यसलाई त्यसै रूपमा चिन्न र ग्रहण गर्न थाल्छ तब सुख स्वाभाविक रूपले उसलाई पछ्याउन थाल्छ । प्रतीत्य समुत्पादको सिद्धान्तले कर्म के हो कर्मले कसरी वर्तमान र भविष्यलाई प्रभावित बनाउँछ भन्ने कुरा स्पष्ट बनाउँछ । जिम्मेवार र सचेत जीवनको महत्त्वलाई व्यक्त गर्छ । दुःख आफ्नै मानसिक प्रतिक्रिया हो भन्ने कुरा जब मानिसले थाहा पाउँछ तब उसमा

वेदनालाई तृष्णासम्म पुग्नै नदिने सङ्कल्प निर्माण हुन्छ । यो नै सुख प्राप्तिको आधारशीला हो । तृष्णाविहीन मानिस संसारलाई यथार्थ ढंगले हेर्न, बुझ्न र सोहीअनुरूप दृष्टिकोण निर्माण गर्न थाल्छ । जब दृष्टि सम्यक बन्छ, मान्छे भ्रम चिर्न सफल हुन्छ र स्थायी सुख प्राप्त गर्छ । विपश्यना ध्यानको केन्द्रीय विषय नै प्रतीत्य समुत्पाद हो । ध्यानद्वारा नै यसको प्रत्यक्ष अनुभव गर्न सकिन्छ ।

**निष्कर्ष**

प्रतीत्य समुत्पाद बौद्ध दर्शनको आधार स्तम्भ हो । यो सिद्धान्त समस्त अस्तित्वको कार्यप्रणालीको वैज्ञानिक नक्सा नै हो । यो सिद्धान्तले दुःख समुदय, सत्य र त्यसको निरोध सत्यलाई अविभाज्य रूपमा जोडेर देखाउँछ र बुझाउँछ । मानव जातिकै सबैभन्दा गहिरो प्रश्न; जन्म, मृत्यु, दुःख, कर्म, पुनर्जन्म तथा मुक्ति आदिको तर्कसङ्गत र अनुभवजन्य जबाफ दिन्छ । प्रतीत्य समुत्पादको सिद्धान्तलाई बुझेर व्यवहारमा लागु गर्ने मानिस अविद्याको अन्धकारबाट निस्केर प्रज्ञाको प्रकाशमा बाँच्न सक्छ । आत्मकेन्द्रित व्यक्तित्वबाट मुक्त बनाएर करुणा र बोधको बिस्तार गर्दै निर्वाणतर्फ अग्रसर गराउँछ । प्रतीत्य समुत्पाद चार आर्य सत्यका दोस्रो र तेस्रोसँग समबन्धित छ ।

(nepaliit@gmail.com)

लघुकथा

# परिणाम



**श्री पोखरेल**
**(इटहरी, सुनसरी)**

साँझपख पढ्दै गरेको पुस्तक फ्यात्त फ्याकेर सुन्दर चाल मारेर निस्कियो । खाना खान खोजी भयो । हल्लीखल्ली हुँदाहुँदै सुन्दर आइपुग्यो ।

श्रीधरले झपारे- 'यो साँझमा कहाँ गएको थिइस् ?'

सुन्दर केही बोलेन ।

आमाले पनि आगोमा घिउ थपिन्- 'साँझमा चोरबिरालोजस्तो यो लुसुक्क निस्किन्छ ।'

तत् समयमै गाउँमा होहल्ला मच्चियो । भान्सामै पसेर पल्लाघरे कृष्णेले खुसुक्क भन्यो- 'हरि ! भागौँ, पुलिस आयो रे ।'

श्रीधरले भने- 'तिमीहरू यतै लुकिराख । म पुलिसलाई छैनन् भन्छु ।'

बाहिर गऱ्यापगऱ्याप बुटको आवाज आयो । श्रीधर बाहिर निस्किनासाथ पुलिसले सोधे- 'यता सुन्दर र कृष्णे नामका दुर्व्यसनी केटा देख्नुभयो ?'

केटाहरूलाई देखाउँदै उनले भने- 'ए कुरो त्यसो पो हो ? दुर्व्यसनीलाई त्यसै छोड्नुहुन्न । लैजानुहोस् र यिनको जरै पत्ता लगाएर निमिट्यान्न पार्नुहोस् ।'

(shreepokharel56@gmail.com)

# अमेरिका : यात्रानुभूति

लता के.सी.

मनमा उत्साह र उमङ्ग थियो । हामी पहिलोपटक विदेशयात्रामा जाँदै थियौँ, त्यो पनि विश्वको विकसित देश अमेरिका । वैशाख ५, २०८२ को बिहानी उड्ने दिन थियो । मन त्यसै त्यसै नाचूँ नाचूँ कि उडूँ उडूँ भइराखेको थियो । कोरियन एयरलाइन्सबाट काठमाडौँदेखि सिओलको इन्चेअन (कोरिया) सम्मको यात्राका लागि साँझको ७.२० को उडान निश्चित थियो । हामीले योजना बुन्यौँ, 'खाना खाएर ४ बजे घरबाट निस्किने । ३ बजे म खाना पकाउन सुर गर्दै थिएँ, फोनमा नोटिफिकेसन आयो, प्लेन ३ घण्टा डिले छ भनेर । निश्चिन्त हुन सम्बन्धित ठाउँमा कल गऱ्यौँ । डिले भए पनि ५ बजेसम्म पुग्नू भनेर जबाफ आयो । खाना पकाइनँ । दहीचिउरा खाएर तोकिएको समयमा काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्यौँ । आवश्यक प्रक्रिया पुऱ्याउँदा २ घण्टा खर्चियौँ । कोरियन र डेल्टा (ड्यालससम्मलाई) दुवै विमानको बोर्डिङ पास पाइयो । एक प्रकारले ढुक्क भयो । समय हेरेँ । अझ ३ घण्टा बिताउनु थियो । हामी डिनरका लागि विमानस्थलकै कोरियन रेस्टुरेन्टमा पस्यौँ । खानपिन र आराम गऱ्यौँ । समय भएपछि एक्जिटतिर लाग्यौँ । तोकिएको समयमा कोरियन जेट यात्रु बोकेर अकासतिर हानियो । हामीसँग साथमा अमेरिका बस्दै आएकी नातिनी सदीक्षा पनि थिइन् । सिटमा बाँधिएर, आहारा निल्दै, केही बेर झकाउँदै थियौँ । अमेरिकाबाट बुहारीले 'हामी ह्विल चेयरमा छौँ' भनेर परिचारिकालाई भन्नू है ! भनेको वाक्य याद आयो । मैले तुरुन्तै जानकारी गराएँ । उनको राम्रो रेस्पोन्स आयो । ५ घण्टाको यात्रामा पाँचपटक आएर उनले भनिन्, 'प्लेन अवतरण गरेपछि तपाईंहरू सिट छोडेर कतै नहिँड्नू, म यहीँ लिन आउने छु ।' निश्चित समयमा जेटले ल्यान्ड गऱ्यो । सबै यात्रुलाई बिदा गरेर परिचारिका हामीसमक्ष आइन् । उडान डिले भएका कारणले ट्रान्जिटको समय काटिएको जानकारी गराइन् र हतारोमा हामीलाई ह्विल चेयरमा गुडाएर दौडिन् । हामीसँगै ओर्लेका एक जना नेपाली यात्रु अलपत्र परेर गुहार माग्न थालिन् । उनको पनि ह्विल चेयर रहेछ तर सम्बन्धित ठाउँबाट जानकारी गराइएको रहेनछ । उनी हामीलाई रोकेर यताउता कल लगाउन थालिन् । सोधपुछका क्रममा थाहा भयो, उनको अझ ७ घण्टा ट्रान्जिट रहेछ । हामी हतारोमा थियौँ । हाम्रो प्लेनको समय भइसकेको थियो । फाइनल कल भइसकेको थियो । प्लेन छुटने भयो भन्नेमा हामी सशङ्कित भयौँ । उनलाई सम्झायौँ । उनी आत्तिइन् र फेरि कल गरेर भनिन्, 'नआत्तिनू, प्लेन होल्ड गरेँ ।' एउटा विद्युतीय कारमा हामीलाई चढाएर उनी बिदा भइन् । त्यसले हामीलाई प्लेनसम्म पुऱ्यायो । यात्रु खचाखच थिए । सिटमा बसेर बेल्ट बाध्यौँ । प्लेन उड्न रेडी रहेछ । श्रीमान्‌ले मसँग पासपोर्ट माग्नुभयो तर मसँग नभएको जानकारी गराएँ । ड्यालास ओर्लिनासाथ चाहिने कुरो कता छुट्यो ? चेक गरेको ठाउँमा, भान्जी (उनी अर्को क्लासमा थिइन् तर कहाँ थिइन् ! मलाई थाहा थिएन ।) वा ह्विल चेयरमा परिचारिकासँग ? केही सम्झना भएन । दिमागले काम गरेन ।

'कहाँ छ त ?' उहाँ आत्तिनुभयो ।
जहाँ गाह्रो त्यहाँ झन् साह्रो भनेजस्तै भयो । म दौडिएर पाइलटको क्याबिनतिर लागेँ । ढोकामा मलाई रोक्यो । सोधपुछ गऱ्यो । मैले समस्या बताएँ । उसले मोबाइलबाटै सदीक्षाको सिट खोज्यो र मलाई त्यही लिएर गयो । धन्न उनीसँग मेरो पासपोर्ट रहेछ । लिएर शान्तिको सास फेरेँ । प्लेन उड्न कत्ति पनि ढिलो गरेन । १२ घण्टाको उडानपछि बिहानको १०.२० मा ड्यालास एयरपोर्टमा ओर्लियौँ । यसरी लगातार १७ घण्टाको यात्रामा शरीरले कुनै दुःख दिएन । यात्रा सुखद रह्यो । आफै दङ्ग र छक्क परेँ ।
आवश्यक प्रक्रिया पूरा गरेपछि लगेज लिनेतिर लाग्यौँ । छोरा लिन आएको थियो । गाडीमा चढेर घरतिर हुइँकियौँ । बाटोमा टेक्सासको हरियाली, शान्त र सफा वातावरणले मन रोमाञ्चित बन्यो । शारीरिक थकान हरायो । ४० मिनेटपछि बल्ल हामी घर पुग्यौँ ।
तीन वर्षपछि छोराबुहारीसँगको भेटघाट, नयाँ घर र नाति पाउनु आफैमा अपूर्व आनन्द थियो । २/३ दिन घरमा आराम गरेपछि टेक्सासछेउछाउका घर, सहर र बजार घुम्न थाल्यौँ । यसै क्रममा चौरास्ता, पिकन स्क्वायर, २/३ ओटा सपिङ सेन्टर, ट्रिनिटी नदी र पुल, पार्कहरू घुमेर रमायौँ । घुमाइकै क्रममा नेपालको सम्झना गराउने जोमसोम थकाली भेटियो । नेपाली खानाको भोक मेटाउन स्वाद लियौँ । पानीका फोहोराहरू, चारैतिर हरियाली, सिस्टमले चलेको ट्राफिक, फराकिला र सफा सडकहरू, ठुला ठुला घरहरू देखेर दङ्ग परेँ अनि नेपाल सम्झिएँ । लाग्यो, नेपालमा यस्तो कहिले होला कि नहोला ?
विदेश बसाइको एक महिनाको दौरानमा आफन्तहरूसँगको भेटघाट, मातातीर्थ औँसी, यताको मदर्स डेको रमाइलो सबै सबै पल जीवनका अविस्मरणीय क्षणका रूपमा मनभरि समेटिए । अझ विशेष त जेठ ६ गतेको साँझ भयो जुन समय हामी सपरिवार डिनरमा थियौँ । आएको यतिका दिनसम्म पनि डाइनिङ टेबलमा सबै सँगै थिएनौँ । समय र दुई पुस्ताको खानपिन नमिल्ने हुँदा अलग समयमा खाने गरेका थियौँ । त्यसैले होला, एउटा अपूर्व सुखद क्षण रह्यो । जेठ १० गते हामी सपिङ सेन्टर गयौँ । ३ दिनका लागि अस्टिन घुम्न जाने निर्णय भएकोले यात्राका लागि आवश्यक सामान र केही थान कपडा किन्यौँ । बाटोमा पर्ने प्राकृतिक सुन्दरता र भौतिक संरचनाले मन लोभ्याएको थियो । यो ३ घण्टाको किनमेल घुमाइ पनि यादगार रह्यो । जेठ १४, १५ र १६ गतेको ३ दिनको यात्राका लागि घरमा नै बिहानको खाजा खाएर हामी ९ बजे सपरिवार टेक्सासको राजधानी अस्टिनतर्फ लाग्यौँ । २ घण्टाको ड्राइभिङपछि एउटा रेस्टुरेन्टमा टर्किज खानाको स्वाद लिएपश्चात् स्थानीय संसद् भवन (Texas State Capitol) अवलोकन गऱ्यौँ । साजसज्जाले भव्य गोलो भवन घुम्दै थियौँ । मन परेका विषय क्यामेरामा कैद गर्दै थियौँ । त्यहाँको एउटा कर्मचारीले हलमा सेसन चलिरहेको र भित्र पसेर सुन्न अनुरोध गऱ्यो । हामी बैठक हलभित्र पस्यौँ । उनीहरूको अङ्ग्रेजी केही बुझ्यौँ, केही बुझेनौँ । एक छिन सुनेपछि त्यहाँबाट बाहिरियौँ । निस्किदा ४ बजेको थियो । हामी आफ्नै गाडी लिएर रिभरवाक भन्ने ठाउँतिर अगाडि बढ्यौँ । बाटोमा चिसोतातोको स्वाद लिँदै रमायौँ । बोटिङका लागि टिकट लिएर आधा घण्टाको जलबिहारमा रमायौँ । साँझको समय, अग्ला अग्ला भवन र रूखहरूमा सजाइएका रङ्गीन बत्तीले मन रमायो । घुम्दै गर्दा बोटिङका निर्देशकले त्यहाँका संरचना र इतिहासबारे जानकारी दिँदै थिए । तल पानी, पानिमाथि पुल र अन्य भौतिक

संरचना हेर्नलायकको थियो । कसरी बनेको होला ? सबैका मनमा जिज्ञासा उठ्नु स्वाभाविक थियो । राति ९ बजे रिभर साइडमा खुलेका रेस्टुरेन्टमा पसेर डिनर लिएपछि हामी बासस्थान मङ्गोलियन भिलेजतर्फ लाग्यौँ । ३ दिन, २ रातका लागि भवन बुक गरिएको थियो । नयाँ ठाउँ, नयाँ परिवेश ! इमेलमा प्राप्त निर्देशअनुसार गेट खुल्यो, घरको साँचो फेला पऱ्यो । न कोही घर मालिक छ न कोही अन्य मानिस ! सिस्टमले चलेको देशमा दङ्गदास परेँ । भित्र पस्यौँ । घरमा जस्तै आवश्यक सम्पूर्ण सामान राखिएका थिए । न केही बोक्नुपर्ने न केही किन्नु नै पर्ने ! बिहानको ९ देखि रातिको १० बजेसम्म यात्राले शरीर पूरै थाकेको थियो । डनलपमा गर्ल्याम्म ढलेको शरीर बिहान ७ बजे मात्र उठ्यो ।

यात्राको दोस्रो दिन, हिजोजस्तै घरमै खाजा खाएर १० बजे हामी सबै सान एन्टेनियोतर्फ लाग्यौँ । आधा घण्टाको ड्राइभिङपछि हामी त्यहाँको सिवर्ल्ड भित्र पस्यौँ । पानीको संसारमा रमाउने क्रम जारी रह्यो । ह्वेल, डल्फिन, कछुवा र विभिन्न प्रजातिका माछाका क्रियाकलाप नियाल्न थाल्यौँ । प्रशिक्षकहरूले प्रशिक्षण दिएको तालमा तिनीहरू नाचेका दृश्यले यात्रा बडो रोमाञ्चकारी बन्यो । टिभी र फोटोमा हेरेको भन्दा प्रत्यक्ष हेराइमा छुट्टै स्वाद आउने रहेछ । स्न्याक्स र लन्च, चिसो र तातोका लागि फ्रि टिकट पाएका थियौँ । विविध प्रकारका खानाको स्वादसँग मन निकै रमायो । ३ बजेपछि हामी पानीका जन्तुलाई छाडेर वाटरगेम सेक्सनतिर लाग्यौँ । पौडीलगायत विविध खेलमा रमाएका मानिसलाई हेरेर हामी पनि रमायौँ । ६ बजे बसेको ठाउँमा फर्कियौँ । २ घण्टाको आरामपछि हामी सहरतिर लाग्यौँ । एउटा होटेलमा पसेर नेपाली खाना खायौँ ।

बिरानो देशमा नेपाली वेटरसँगको कुराकानी र दाल, भात, तरकारीको स्वादले मनै धन्य भयो । यसरी दोस्रो दिनको यात्रामा हामीले सान एन्टेनियोलाई रोजेका थियौँ ।

तेस्रो दिन सधैँझैँ बिहानको खाजा खाएर फिर्तीको तयारीमा लाग्यौँ । ११ बजेसम्म बुकिङ गरेको घर जसरी भए पनि छोड्नु थियो । निर्देशित ठाउँमा साँचो छाडेर हामी समयमै निस्कियौँ । हाम्रो योजना बाटोमा पर्ने राधाकृष्ण धाम अवलोकन गर्ने, त्राभिस तालको किनारस्थित ओसिसमा लन्च गर्ने र नर्थलेकतिर (घर) फर्किने थियो । योजनाअनुरूप हामी अगाडि बढ्दै गर्दा वृन्दावनले मन हरण गऱ्यो । ओसिसमा खाएको सामुद्रिक जीवको मासु र ओलिभको स्वाद नयाँ रह्यो । मनभरि नयनभरि अस्टिन र सान एन्टेनियोलाई कैद गरेर राति ८ बजे घर फर्कियौँ ।

जेठ २७ गते मङ्गलवार, मेरो जन्मदिन ! बिहानको नित्य कर्म सकेपछि ८.३० बजे म, श्रीमान्, सम्धिनी र छोरा टेक्सासको युलेसमा रहेको हिन्दु मन्दिर गयौँ । अनुपम प्राकृतिक छटाको अवलोकन गर्दै ४५ मिनेटमा मन्दिर पुग्यौँ । हुन त गुगलले ३० मिनेटको बाटो देखाएको थियो तर बाटोमा मालवाहक ट्रेनले हामीलाई जाममा पाऱ्यो । त्यति लामो ट्रेन जीवनमा पहिलोपटक देखेकोले यो पनि एउटा नयाँ अनुभूति गरियो भनेझैँ लाग्यो । मन्दिरभित्र पस्दा एक प्रकारको शान्ति र आनन्दको अनुभव भयो । भनिन्छ नि, मनले चाहेको र रहर गरेको कुरा पुग्यो भने ठुलो सन्तुष्टि प्राप्त हुन्छ रे ! मलाई त्यही अनुभव भयो किनभने अमेरिकामा बसेर पनि जन्मदिनको दिन हरेक वर्षझैँ मन्दिर पुग्ने रहर र चाहनालाई छोराबुहारीले पूरा गरिदिए । एउटै मन्दिरभित्र शिव, बुद्ध, शिरडी बाबा, नवदुर्गा सबै देवीदेवताको दर्शन गर्न पाइयो । त्यहाँ

बसेका गुरुलाई मैले भनें, 'आज मेरो जन्मदिन, आशीर्वाद लिन आएँ ।'
गुरुले शिवको मूर्तिमा जलको अभिषेक गर्न लगाउनुभयो र टीकाप्रसाद लगाइदिनुभयो । म धन्य भएँ । फोटो लिन अनुमति लिएँ र मोबाइलमा तत्क्षणका दृश्यहरू कैद गरेँ । मन्दिर बडो व्यवस्थित थियो । एनआरएन र नेपाली समुदायले सञ्चालन गरेको रहेछ । परिसरभित्र नेपालीहरू पनि भेटिए । गुरुलगायत सबै नेपालीसँग नेपाली बोल्न पाउँदा मन भावुक भयो । देशप्रेम र राष्ट्रिय भावनाले मन हिमालझैँ चुलियो ।
आधा घण्टाको पूजापाठ र दृश्यावलोकनपश्चात् मनभरि खुसी सँगालेर हामी घर फर्कियौँ । खाना खाएपछि एक छिन आराम गर्न पल्टिएकी मात्र के थिएँ २ घण्टा भुसुक्कै निदाएछु । उठेर बैठकमा आउँदा त एउटा भित्ता सजाएर छोराबुहारीले मेरा लागि बजारबाट सरप्राइज मगाउन भ्याएछन् । यहाँ स्वादिष्ट मानिने पिजा र बर्गर अनि गिफ्ट र केक कटिङका लागि टेबलभरि फिँजाइएको रहेछ । देखेर हाँस उठ्यो । हसाउनकै लागि मैले भनें, 'मर्ने बेलामा हरियो काँक्रो !'
बुहारीले भनिन्, 'अमेरिकामा नातिसँग जन्मदिन मनाउने पहिलो अवसर हो नि मामु !'
समय र ठाउँको मागअनुरूप यसरी ६६ औँ जन्मदिन रमाइलोसँग मनायौँ । त्यो क्षण जीवनको अविस्मरणीय पल बन्यो ।
२०८२ सालको असार ४ गते बुधवार साँझ ६ बजेतिर हामी सपरिवार टेक्सासमा अवस्थित Grapevine Lake तिर लाग्यौँ । २५ मिनेटको ड्राइभिङपछि पुग्यौँ । तापक्रम क्रमशः वृद्धिको क्रममा थियो । गर्मीको मौसममा लेकसाइडको यात्रा मनोरम बन्दै थियो । तालछेउछाउमा टहल्दै फोटो खिच्दै थियौँ । सिरसिर चिसो हावा चलिरहेको थियो । शान्त मौसम थियो । तालको पानीको छाल, हाँसको क्वाँ क्वाँ र चराहरूको चिरबिर ध्वनिले वातावरण मनमोहक थियो । ताल ठुलो रहेछ । आँखाले भ्याएसम्म आँखा तानी तानी टाढा टाढासम्म नियाल्यौँ । पौडी खेल्न र बोटिङ गर्न रमाएकाहरूको खुसी देखी हामी पनि खुसी भयौँ । हामी कोही पानीमा पसेनौँ । पानी चैँ अलि फोहर थियो । माथि आकाशमा उडेका थुप्रै प्लेन र ड्रोनहरूले बेला बेलामा शान्ति भङ्ग गर्थे । करिब डेढ घण्टापछि हामी निस्कियौँ । डिनरलाई स्थानीय नाङ्लो किचेनमा पस्यौँ । नेपाली कर्मचारी र नेपाली खानाको स्वादमा रमाएर राति १० बजे घर फर्क्यौँ ।
असार १३ गते शुक्रवार, नातिको अन्नप्राशनको शुभ दिन परेको थियो । हिजोअस्तिदेखि नै घरमा राहुल, सुप्रिया, आस्था र श्रीषा आइसकेका थिए । सबैको मनमा उल्लास थियो । बिहान ९.५ मिनेटको शुभ मुर्हुतमा खिर र नुन नहालेको मुङको दाल चटाउने योजना थियो । मन्दिर ९.३० मा मात्र खुल्ने भएकोले हामीले घरमै खुवाएर मन्दिर लाने योजना बनाएका थियौँ । योजनामुताबिक हामी सबै बिहान सबेरै उठ्यौँ । नित्य कर्म सकेर मूलतः म र आस्था (बुहारीकी दिदी) किचेन छिर्‍यौँ । दुवै मिलेर खिर, मालुपुवा, ५६ भोग लगाउन विभिन्न परिकार समयमा नै बनायौँ । श्रद्धा (बुहारी) ले ५६ भोग लगाउने ससाना कचौरामा सामान राखेर स्वस्ति चिह्न बनाइन् । सम्धिनीले दियो, कलश, गणेश र पूजासामग्री तयार गर्नुभयो । तोकिएको शुभ साइतमा पुरोहितले भनेबमोजिम देवतालाई अर्पण गरिएको नयाँ लुगा र आभूषण बाबुलाई लगाइयो । सिंहासनजस्तो देखिने कुर्सीमा बसेर मर्यादाक्रमअनुसार

पालैपालो अन्न चटाउने काम सम्पन्न भयो । नातिले टीका र उपहार ग्रहण गरेपछि हामी ४० मिनेट लाग्ने बाटो तय गर्न मन्दिरतिर हानियौँ जुन मन्दिरमा मेरो जन्मदिनका अवसरमा पनि पुगेका थियौँ । त्यहाँ पुरोहितले सङ्कल्प र स्वस्तिशान्ति वाचन गर्नुभयो । हामी ११ बजेतिर घर फर्कियौँ ।

खाना खाएर एक छिनपछि बेलुकाको पार्टीका लागि सबै जुट्यौँ । तोफु साँधेको, पकाएको टमाटरको अचार, काँक्रा र आलुको छोप राखेर अचार तयार भयो । सेलरोटी र खसीको मासु रेडिमेट ल्याइयो । तरकारीमा काउली, चना र चिकेन रोस्ट बनायौँ । पुलाव, कस्टर्ड, दही, पापड सबै रेडी भयो । साँझ ५ नबज्दै पाहुना आउने क्रम सुरु भयो । लगभग ५० जना आफन्त र छोराबुहारीका साथीभाइका बिचमा स्न्याक्स, ड्रिङ्क्स र डिनरमा राति ११ बजेसम्म सबै मस्त भयौँ । सर्जु (नातिनी) को नृत्यले पार्टीमा रौनक थप्ने काम गऱ्यो ।

कति छिटै असार १७ गते भइसकेछ । असार १३ गते पास्नीमा घर आएका पाहुना लगभग सबै फर्किसकेका थिए । बाँकी रहेका राहुल र सुप्रिया भोलि फर्किने रे । उनीहरूलाई मन पर्ने खानामा एउटा परिकार ढिँडो पर्दो रहेछ । उनीहरूकै रुचिमा आज सम्धिनीले लन्चलाई ढिँडो, गोलभेडा पोलेर पिसेको अचार, मस्यौरा र ग्यान्टे मुलाको मिसमास तरकारी, दही तयारी गर्नुभएको थियो । हामी बुढाबुढीले पनि खाने विचार राखेपछि आज घरमा रहेका ७ जनाले एउटै डाइनिङ टेबलमा बसेर खायौँ । यो एउटा अपूर्व सुखद क्षण बन्यो । मेरा लागि ढिँडोको स्वाद पहिलो थियो । म सानै हुँदा माइतीघरमा मुवाले कहिलेकाहीँ पकाएको देखेको थिएँ तर कहिल्यै चाखेकी थिइनँ । नयाँ स्वाद एकदम मन पऱ्यो । अमेरिकामा बसेर नेपाली खाना अनि घरमा रहेका सबै एकैसाथ खानुको छुट्टै रमाइलो रह्यो ।

जुलाई ३ (असार २०) को सन्ध्याकालीन समय थियो । करिब १५ हजार मानिस विशाल चउरमा स्याँउस्याँउ किरा परेजस्ता भएर भेला भएका थिए । आफूलाई चाहिने सम्पूर्ण सामान बोकेर चउरमा सबैले डेरा जमाएका थिए । मञ्चमा कन्सर्ट चलिरहेको थियो । आकाशमा हवाईजहाजहरू उल्टोकोल्टो, माथितल, सिधाबाङ्गो भएर विभिन्न चटक देखाइरहेका थिए । कोही नाचिरहेका, कोही लम्पसार परेर शान्तिको खोजीमा लागेजस्तो गरिरहेका, कोही फुड स्टलहरूमा पङ्क्तिबद्ध, कोही खाएर पिएर झुमिरहेका, कोही टेन्टमा, कोही छातामुनि गफिरहेका देखिन्थे । त्यो भिडमा हामी पनि १ घण्टाको ड्राइभिङ पूरा गरेर साँझ ६ बजे पुगेका थियौँ । भोलि जुलाई ४ मा परेको अमेरिकाको स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा एडिसन सहरको काबुन टाउनमा फाइट्स, साइट्स र लाइट्सको कार्यक्रम आयोजना गरिएको थियो । यस ठाउँमा यस्तो कार्यक्रम ४० वर्षदेखि लगातार भइरहेको रहेछ । अमेरिकाका विभिन्न सहरमा आयोजना हुने यस्ता कार्यक्रममा काबुनटाउन तेस्रो ठुलो स्थानमा पर्दो रहेछ । यस्तो कार्यक्रम नियाल्ने अवसर मेरा लागि जीवनको पहिलोपटक थियो ।

हामी साँझ ६ बजे जसै पुग्यौँ, १० मिनेट जति सिमसिम पानी पऱ्यो । हामी रूखमा ओत लाग्दै गर्दा लाग्यो, प्रकृतिले हामीलाई स्वागत पो गरिन् कि ! त्यत्रा मानिसलाई परेको पानीले कुनै असर गरेन । ससाना बच्चाहरू पनि रुझ्नुको आनन्द लिइरहेका थिए । ९० पुग्दै गरेका बुढाबुढी काँधमा काँध, हातमा हात राखेर नाचिरहेका थिए । वातावरण बडो मनमोहक थियो । पानी रूकेपछि हामीले पनि म्याट र कुर्सी राख्यौँ र स्टेज अगाडि धर्ना कस्यौँ ।

लगभग ७.३० बजेको थियो । स्टेजमा बजिरहेको गीत रोकियो । उद्घोषकले अबको पालो राष्ट्रिय गानको रहेको छ भनेर उद्घोषण गरेपछि मञ्चमा केही कलाकार प्रस्तुत भए र गान गाउन थाले । उपस्थित सबै उभिएर देश र गानप्रति सम्मान जनाए । हामीले पनि उनीहरूप्रति ऐक्यबद्धता जनायौँ । देश त आखिर माटो न हो, चाहे अमेरिका होस् वा आफ्नो नेपाल ! मनमुटुमा बसेको राष्ट्रवाद त पोखिँदो नै रहेछ ।

८ बजेपछि छोरा, सदीक्षा र ज्वाइँ डिनरको खोजीमा फुड स्टल चहार्न थाले । खोजेजस्तो र भनेजस्तो नभेटिए पनि पिजा र यहाँका स्थानीय खानाको परिकारमा हामी रमाउन थाल्यौँ । लगभग ९ बज्न लाग्यो तर परिवेश उज्यालो नै थियो । सबैले उत्साहका साथ पर्खिरहेको फायरवर्क्सका लागि ९.३० को समय तोकिएको थियो । जसै समय भयो, आयोजकले वातावरण अँध्यारो बनाउन सबै बत्ती झ्याप्प निभायो । उत्साहित भिडले ठुलो आवाजले स्वागत गऱ्यो अनि सबैको नजर आकाशमा स्थिर भयो । रूख र फूलका बिरूवाजस्ता देखिने आकृतिमा रातो, हरियो, निलो, सेतो विविध रङका बत्ती बनेर पट्याङपुटुङ पड्किन थाले । माहोल निकै रङ्गीन थियो भने सबैका मन उमङ्गले भरिएका थिए । भिडबाट वाह ! उहू ...! आहा ! सो एक्साइटिङ ! भन्दै आएका आवाजले वातावरण थप उत्साहप्रद बनेको थियो । लगातार आधा घण्टासम्म एकनासले प्रस्तुत गरिएको बत्ती र रङको त्यो दृश्य जीवनभरिका लागि यादगार बन्यो । जीवनको उत्तरार्धमा पहिलोपल्ट यो अवसर पाउनु नि भाग्यको खेल नै रहेछ जस्तो लाग्यो । हिँड्ने बेलामा रातिको कार्यक्रम जाऊँ कि नजाऊँ ? भनेर दोधारमा बसेकी म, त्यहाँ पुगेपछि नगएको भए ठुलो रमाइलो मिस गर्ने रहेछु भन्ने महसुस भयो ।

अरू कार्यक्रम बाँकी नै थियो । जानुको गन्तव्य पूरा भएपछि हामी १० बजे निस्कियौँ । गाडी राखेको ग्यारेज पुग्न १५ मिनेट लाग्यो । ग्यारेज पनि ७ तल्लाको कत्रो ठुलो रहेछ । हरेक तल्लामा करिब ५० ओटा गाडी पार्किङ गरिएका थिए । हामी तेस्रो तल्लामा थियौँ । भिड यति थियो कि ग्यारेजमै जाममा पऱ्यौँ । सडकमा पुग्न हामीलाई ५० मिनेट लाग्यो । केही खुसी, केही रमाइलो र केही झमेला झेल्दै अन्ततः १२ बजे राति हामी घर फर्कियौँ । असार २८ गते, आदिकवि भानुभक्त आचार्यको २१२ औँ जन्म जयन्तीको पूर्वसन्ध्या ! साँझ ५ बजे हामी घरबाट निस्कियौँ । आधा घण्टाको यात्रापछि ड्यालास फोर्थवर्थ श्रीकृष्ण प्रणामी हिन्दु समाज, टेक्सासको मन्दिरमा पुग्यौँ । बाहिर सुनसान थियो । कता हो ? भन्दै चारैतिर नजर डुलाउने क्रममा एउटा गाडी आएर रोकियो । दुई जना पुरूष ओर्लिएको देखियो । मैले भने, 'उहाँ नै हो, कथाकार श्यामप्रसाद श्रेष्ठ !'

कथाकार श्रेष्ठको **कठै !** कथासङ्ग्रहको परिचर्चा कार्यक्रम र भेटघाटको उद्देश्यले हामी त्यहाँ पुगेका थियौँ । एक छिनको कुराकानीपछि मन्दिरको हलमा कार्यक्रम सुरु भयो । समाजको सदस्यहरूसँग परिचय भयो । लगभग २ घण्टा साहित्यिक माहोलमा हामी रमायौँ । कविता, गजल, लघुकथा सुन्यौँ र सुनायौँ । चिनेका अनुहारमा स्रष्टा विवेक शर्मा गौतम मात्र हुनुहुन्थ्यो । उहाँको मिसेजसँग पहिलोपटक भेट हुँदा खुसीको अनुभूति भएको थियो । मलाई पनि हाम्रो लघुकथा केन्द्र, नेपालको अध्यक्षको नाताले विशिष्ट अतिथिको आसनमा बसाइयो । प्रिय संस्था हाम्रो लघुकथा केन्द्र, नेपालको गतिविधि र लघुकथाको अवधारणाबारे निजी विचार पस्किरहँदा निकै गर्व लागिरहेको थियो । उपस्थित केही सदस्य केन्द्रमा जोडिएर लघुकथा

पढ्न र लेख्न सिक्ने प्रतिबद्धता जाहेर गर्दै हुनुहुन्थ्यो । त्यस क्षण म भावुक भएँ ।
कार्यक्रम सकिएर चियाचमेनातिर लाग्यौँ । एक जना ढकाल बहिनी मलाई खोज्दै आउनुभयो । मसँग परिचय गर्नुभयो र भन्नुभयो, 'लेखकहरू लेख्न मात्र जान्दछन् भनेको त तपाईं लेख्न मात्र होइन, बोल्न पनि जान्ने हुनुहुँदो रहेछ ।'
म बेस्सरी हाँसैँ । मलाई गिज्याएको पो हो कि ? भन्ने आभाष भयो किनभने म बोल्न जान्ने मान्छे चैँ होइन, बोल्न पऱ्यो भने तर्किने मान्छे हुँ । मेरो हाँसो सुनेर उहाँ सिरियस हुनुभयो र भन्नुभयो, 'म त साँच्चि नै तपाईंबाट प्रभावित भएँ नत्र यसरी तपाईंलाई खोजी खोजी किन आउँथेँ, भन्नु त ? म केन्द्रमा पक्कै जोडिने छु । लघुकथा पढथेँ मात्र अब लेख्न पनि सिक्छु ।'
कुरा सुनेर मेरो छाती गर्वले ढक्क फुल्यो । समयले ८.३० बजायो । छोरालाई लिन आउन कल गरेँ तर श्याम भाइले 'पुऱ्याउने जिम्मा मेरो, यस बेला छोरालाई दुःख नदिऊँ' भन्नुभयो । त्यसपछि उहाँको छोरा साहसको गाडीमा राति ९ बजे हामी घर पुग्यौँ । बाटोमा मनभरि कुरा खेलिरहेको थियो । अमेरिका आएको यतिका दिनसम्म साहित्यिक भेटघाट शून्य भएका बेला श्याम भाइले यो अवसर र रमाइलो दिनुभयो । गाडीबाट ओर्लिएपछि भित्र पसेर १/१ कप चियाका लागि मैले आग्रह गरेँ तर अर्को दिन भनेर उहाँ बुबाछोरा बिदा हुनुभयो । मैले धन्यवाद मात्र भन्न भ्याएँ ।
तीन दिन न्युयोर्क घुम्न भनेर १५ दिन अघिदेखि बनाएको योजनालाई सार्थकता दिन जुलाई १५, असार ३१ गते मङ्गलबार श्रीमान्, म र छोरा सखारै उठेर १/१ कप कफी पियौँ । विमानस्थलमै गाडी पार्किङ र खाजा खाने भनेर बिहान ७ बजे घरबाट निक्लियौँ ।
४५ मिनेटमा हामी ड्यालस विमानस्थल पुग्यौँ । पार्किङ र चेकजाँचको सम्पूर्ण प्रक्रिया पुऱ्याएपछि उडानलाई डेढ घण्टा समय बाँकी थियो । खाजा खानलाई मास्तिर चढ्न विद्युतीय सिँढीमा म र छोराले एकैपटक स्टेप लियौँ, श्रीमान् भने २ स्टेपपछि । हामी सरर .... माथि उक्लिँदै थियौँ, पछाडिबाट कोही करायो । मैले पछाडि हेर्दा त श्रीमान् सिँढीमा थ्याच्च बसेर एक हातले सिढीँको रेलिङ अर्को हातले सिँढीको प्लेट समाइरहनुभएको अनि पछाडिबाट एक जना मावनतावादीले हातले टेको दिइरहेको देखेँ । छोरालाई भनेँ, 'बुबा लड्नुभएछ ।'
ऊ आत्तिँदै ब्याक भयो । छेउमा पुगेर उठाउन सकेन । त्यही अवस्थामा माथि पुगेपछि हातको सहारा दिएर उठायौँ । के भयो ? भनेर सोधेको त रिँगटा लाग्यो रे ! उठ्नासाथ उहाँको हात अचानक कन्चट्टीमा पुग्यो । टाउकोमा चोट लाग्यो कि ? भनेर हेर्दा त हत्केला रक्ताम्य थियो । बुढी औँला र हत्केलाको बिच भागमा सिँढीको किनारामा राखिएको किल्लाले घोचेछ । दुईओटा ठुला काटिएका घाउ थिए । एक त सुगरको बिरामी, त्यसमाथि रगतको बहाव ! हामी आत्तियौँ । एउटा कटनको रुमालले थिचेर च्याप्प समाएँ र भनेँ, 'इमरजेन्सी जाऔँ ।'
छोरा उपचारको लागि यताउता फोन घुमाउन थाल्यो । छेउछाउ मेडिकल वा अर्जेन्ट कियरको ठेगाना खोज्न थाल्यो । अचम्म यस अर्थमा लाग्यो, त्यत्रो ठुलो विमानस्थलमा इमरजेन्सी सेवाको सुविधा पाउन सकिएन । सबैतिर सोधियो, सबैतिर खोजियो तर निराश ! हामी हतास भयौँ । घरमा बुहारीलाई कल गरेर घटनाबारे जानकारी गरायौँ । उनी नर्स भएकीले के गर्ने ? भनेर सुझाव लिनु थियो । उनले भिडियो कलमा घाउ हेरिन् । धन्न रगत बग्न रोकिएको रहेछ । उनले सुझाइन्, 'पहिला धाराको पानीले रगत सफा गरौँ र सुक्खा पारौँ । त्यहाँ कोही भेटिन्छ

भने देखाउनुपर्छ । ब्यान्डेज र टाँका लाउनपर्ने जस्तो देखिन्छ । फ्लाइटमा पनि उपचार पाइन्छ ।' प्लेन उड्न १ घण्टा बाँकी थियो । त्यहाँका कर्मचारीले पनि उडानकै समयमा उपचार गराउनू बेस हुन्छ भनेर सल्लाह दिए । छोराले भन्यो, 'टिकट क्यान्सिल गरौँ पछि फेरि जाऔँला ।' उहाँले भन्नुभयो, 'रगत रोकिएकोले डराउनु परेन । यत्तिका लागि केही नगरौँ । ठुलो दशा कट्यो । अगाडि बढौँ बरु पहिला केही खाऔँ ।'

त्यसपछि हामी लिफ्ट चढेर ३ तल्ला माथि गयौँ । त्यहाँबाट ट्रेनले खाजा खुवाउने ठाउँमा पुऱ्यायो । खानाको फ्रि टिकट पाएका थियौँ । घटनाले गर्दा कसैलाई खाने मुड त थिएन तर पनि प्लेनमा खानेकुरा नदिने भन्ने जानकारी भएकोले एउटा एउटा स्यान्डविच र जुस खाएर निस्कियौँ ।

घाइतेलाई एउटा पेनकिलर पनि दिन सकिएको थिएन । यात्रा महँगो पर्छ भन्ने तनाव पनि थियो । बल्ल प्लेन चढ्ने गेट खुल्यो । अगाडि नै पुगेर उपचार सेवाका लागि अनुरोध गऱ्यौँ तर हामी चढेको स्पिरिट वायुसेवाका परिचारिकाले एउटा ह्यान्डिप्लास्ट दिएर सरी भनी । टेप हामीसँग पनि थियो तर लगाउनु राम्रो हुन्न भन्ने बुझेर लगाएका थिएनौँ । कटनको रुमालले हात हल्का बाँधी चुपचाप लागेर सिटमा बेल्ट बाँधेर बस्नुको विकल्प थिएन । एक प्रकारको तनावले चुपचाप थियौँ । बुहारीको कल आयो । प्लेनमा उपचार सेवा नपाएको र न्युयोर्कमा पुग्नासाथ मेडिकल जाने सोच छोराले बतायो । उसले आस्नालाई कल गऱ्यो । ऊ मेरी बहिनीकी छोरी, फाइनल इयर मेडिकलको विद्यार्थी थिई । न्युयोर्कमा उसैको एपार्टमेन्टमा बस्ने निर्णय गरेका थियौँ । उसले सिधै आफूले प्राक्टिस गरिरहेको हस्पिटलमा आउन भनी । बल्ल प्लेन उड्यो । हामी ३ जना के गर्ने ? कसो गर्ने ? सोच एकआपसमा बाड्दै ल्यान्डिङको पर्खाइमा बस्यौँ । ३ घण्टाको उडानपछि हामी न्युयोर्क विमानस्थलमा ओर्लियौँ । गेटमा पुगेपछि आस्नाले भनेको हस्पिटल जान ट्याक्सी खोज्दै थियौँ, बुहारीको कल आयो । उनले आस्नासँग कुरा गरिछन् । त्यहाँका अर्जेन्ट कियरका बारेमा बुझिछन् अनि एयरपोर्टनजिक ज्याक्सन हाइटमा रहेको CITY MD अर्जेन्ट कियरमा जान सुझाइन् ।

इन्सुरेन्स र सोसल सेक्युरिटी नपाएका हामीजस्ता भिजिट भिसालाई मेडिकल उपचार गर्नु अकासको फल आँखा तरी मर् भन्या जस्तो रहेछ । धन्न बुहारीले भनेको अर्जेन्ट कियरमा २२५ डलर तिरेपछि सेवा पाइने रहेछ । हामी ट्याक्सी लियर त्यहाँ पुग्यौँ । चाइनिज डाक्टरले उपचार सुरु गरे । एक्सरे गरेर हेर्दा छाला, बोसो काटेर मसलसम्म पुगेको रहेछ । ११ ओटा टाँका लगाए । ब्यान्डेज गरेपछि ५ दिनको एन्टिबायोटिक लेखेर नजिकको फार्मेसीमा पठाए । हामीलाई २ दिनपछि आउन भने । त्यहाँ लगभग २ घण्टा बित्यो । फार्मेसी पुगेर दबाई लियौँ । त्यहाँ नेपाली, बङ्गाली र भारतीयको बाहुल्यता रहेछ । अमेरिकामा दक्षिण एसियाका मानिसले आफ्नो संस्कार देखाएको पाइयो । अलि कच्याककुचुक, फोहोर लाग्यो । भोकले आक्रमण गऱ्यो । नेपाली रेस्टुरेन्ट सहजै पायौँ । मासुभात टन्न खाएपछि बल्ल रिलिफ भयो । हाम्रो अनुहारमा चमक आयो । घाइतेलाई दबाई खुवाएपछि सुरक्षित भएको अवस्थामा पुग्यौँ भन्ने लाग्यो ।

साँझको ६ बजिसकेको थियो । घुम्न आएको मानिस हामी, समय खेर नफालेर घुम्न जाने सोच बन्यो । ट्याक्सी लियौँ । आधा घण्टा खर्चिएर टावर हेर्न सिधैँ भ्यान्डर बिल्ट समिट १

पुग्यौँ । त्यहाँ टावर चढेर बाहिरको मनोरम दृश्य हेर्ने लालसामा मानिसहरूको भिड भयङ्कर थियो । प्रवेशद्वारमा टिकट लिएपछि सबैजस्तै हामी पनि लिफ्टमा ९१ औँ तल्लामा पुग्यौँ । एक छिन त दङ्गै परियो । हेरेको हेरेकै भइयो । वाह ! क्या रमझम दृश्य थियो । सारा दुःख भुलेर मन प्रफुल्ल भयो । त्यतिका धेरै मानिस आआफ्नो मोबाइल तेर्स्याएर बाहिर/भित्रको दृश्य लिन आतुर देखिन्थे । त्यो तलाको फ्लोर, भित्ता सबैतिर सिसाले कभर गरिएको थियो जसले गर्दा हरेक मानिस र दृश्य रिफ्लेक्स भएर आउँदो रहेछ । अझ त्यसमाथि बेला बेलामा आउने भयावह आवाज र विविध रङका प्रकाशले हरेकको मनमुटु तान्दो रहेछ । हेर्दै गर्दा, घुम्दै गर्दा सूर्यास्तको समय भयो । सबैको मुखबाट आह ! वाह ! निस्किएको सुनिन थाल्यो । प्रवेश गर्ने बेलामा सबैलाई २/२ ओटा प्लास्टिक दिएर जुत्तासहित खुट्टा कभर गर्न लगाएको थियो । त्यसको कारण त बल्ल बुझेँ, फ्लोरको सिसा फोहर नहोस्, चम्किलो सिसामा सफा र प्रस्ट रिफ्लेक्सन आओस् भनेर रहेछ । प्रकाशको विविधता, बेला बेलामा कौतूहलका लागि प्रवाह गरेको डरलाग्दो आवाज र मानिसको भिड र कोलाहलले गर्दा होला, एक छिनमै श्रीमान्ले फर्किने इच्छा राख्नुभयो । हाम्रो भने अझ माथि ९२ र ९३ तला चढ्ने इच्छा थियो । माथि के होला ? कसो होला भन्ने मनमा खुल्दुली बढिरहेको थियो । शरीर अनइजी भयो । रिँगटा लाग्नेजस्तो भयो भनेपछि हामी फर्किने लिफ्ट खोज्न थाल्यौँ । एउटा कर्मचारीले यता भनेर गाइड गऱ्यो । त्यसले त ९३ औँ तल्ला पो पुऱ्यायो । त्यहाँ मानिस कम थिए किनभने ९१ औँ तल्लामा नै मानिसहरू रमाइरहेका थिए । त्यहाँ अलि शान्त वातावरणले होला, श्रीमान् अलि फ्रेस हुनुभयो । ९३ औँ तला सर्सर्ती घुम्यौँ । लुगा, मूर्ति, पोस्टकार्ड आदि सामान बेच्न राखिएको व्यापारिक क्षेत्र रहेछ । हामीलाई केही किन्नु थिएन । लिफ्टतिर लाग्यौँ । उहीँ कर्मचारीले ९२ औँ तल्लामा लग्यो । फुड स्टलमा खानेकुराहरू थिए तर हामीलाई सहजै पाच्य हुने खानेकुरा नदेखेपछि त्यहाँबाट बाहिरिने विचार गऱ्यौँ । लिफ्टबाट ग्राउन्ड फ्लोर पुगेर पैदल यात्रा सुरु गऱ्यौँ ।

न्युयोर्क सहर, रातको ९.३० बजे, सिरसिर हावा, चिसो मौसम, झिलिमिली बत्ती, मान्छे र गाडीको घुइँचो हेर्न लायकको थियो । करिब २० मिनेट हिँडेपछि हामी टाइम स्क्वायर पुग्यौँ । त्यो व्यस्त सहरको बिचमा स्क्वायरको आकारमा अवस्थित थियो । वरिपरि मान्छेहरू ठुला ठुला घरका भित्ता भित्तामा देखिने संसारभरिका कम्पनीको विज्ञापन हेर्न जम्मा हुँदा रहेछन् । तिहारजस्तो झिलिमिली उज्यालो एउटा आकर्षण रहेछ । नौलो अनुभूति सँगाल्दै गरेको केही बेरपछि नै खानेकुरा प्याक गरेर हामीले ट्याक्सी लियौँ र बासस्थानतिर हानियौँ । रातको समय, आधा घण्टाको जाम साह्रै झर्कोलाग्दो भयो । ११ बजे आस्नाको एपार्टमेन्ट पुगेर पेटपूजा गऱ्यौँ । केही बेर गफगाफ, घटना बिस्तारपछि थकित शरीर र लोलाएका आँखालाई आराम दिँदा १२ बजेको थियो । यसरी न्युयोर्क यात्राको पहिलो दिन मनभरि साँचेर भोलिको यात्राको पर्खाइमा भुसुक्कै निदाइएछ ।

राति अबेला सुतेर हो कि ? निद पुगेको थिएन तैपनि वासिङ्टन डिसी हेर्ने उत्सुकतामा होला, आँखा सबेरै खुलेछ । जुलाई १६ तारिखको बिहान ७ बजे भाडामा लिएको गाडी चढेर हामी यात्रामा निक्लियौँ । अगाडि बढ्दै गर्दा हड्सन नदीको विराटतालाई नियाल्दै गर्दा न्युजर्सी राज्यमा पुगिसकेका थियौँ । न्युयोर्क र न्युजर्सीलाई सीमा छुट्याउने काम हड्सनले गरेको

रहेछ अर्थात् नदीवारि र पारि यी राज्य अवस्थित रहेछन् ।
करिब २ घण्टाको यात्रापछि हामी विश्वकै दोस्रो ठुलो मानिने हिन्दु मन्दिर अक्षरधाम गयौँ । मन्दिरको कलाकौशल र धामको फैलावटले मन तानिरह्यो । मन्दिर बडो व्यवस्थित र सफा थियो । मनले शान्तिको अनुभूति गरिरह्यो । त्यहाँको प्राकृतिक सौन्दर्य, भौतिक संरचना, मूर्ति र कलाको भव्यता हेरेर जो कोही पनि भन्छ, 'वाह !'
हामी पनि यसै 'वाह ! वाह !' मा २ घण्टा रुमलिएछौँ ।
अचम्म त के लाग्यो भने त्यहाँ पूजाआजा र भजनकीर्तन केही थिएन । केवल दर्शनका लागि पर्यटकीय दृष्टिबाट बनाइएको क्षेत्र भन्ने बोध भयो ।
पेट खाली बस्न किन मान्थ्यो र ? दृश्यले मन भरे पनि पेटले चारो खोज्न थाल्यो । हामी चारोको खोजीमा निस्किन खोज्दै थियौँ अचानक त्यहाँभित्रै सशुल्क रेस्टुरेन्ट भएको जानकारी पायौँ र भोकको ज्वाला शान्त पाऱ्यौँ । खाएपछि भन्न मन लाग्यो, 'पेट त भऱ्यो तर मन भरेन ।' भारतीय मित्रहरूलाई खानाको स्वाद पस्किन अरू कसले सक्थ्यो र ? बेजोडको स्वादिष्ट र सादा खानालाई प्रसादका रूपमा ग्रहण गऱ्यौँ । जिब्रोमा त्यसको स्वाद झुन्डिरह्यो ।
मन्दिर व्यवस्थापकले प्रशिक्षण कक्षाहरू सञ्चालन गरेका थिए । स्थानीय कलाकौशलका सामान विक्री कक्षमा राखिएका थिए तर हामीसँग त्यसमा हराउने समय थिएन । अझ भनौँ, ती हाम्रा आवश्यकताका परेनन् ।
१२ बज्यो । हामीले धाम क्षेत्र छाड्यौँ र सोझै वासिङ्टन डिसीतिर हुइकियौँ । फराकिला र व्यवस्थित सडक, सडकका किनारामा देखिएका प्राकृतिक हरियाली, कतै खेतीपाती त कतै वनजङ्गल, प्रशान्त महासागरको बे पार गर्दै ३.३० बजे गन्तव्यमा पुग्यौँ । लगभग १ घण्टा गाडीबाट डिसी सहरको नजारा हेर्दै अघि बढ्यौँ । अग्ला अग्ला भवनहरूले सहरको सौन्दर्य चित्रित गरिरहेझैँ लाग्यो । ३ घण्टाका लागि सुरक्षित स्थानमा गाडी पार्किङ गरेपछि हाम्रो पैदल यात्रा सुरु भयो । राष्ट्रपति भवन, संसद् भवन र त्यसवरपरका सरकारी भवनहरू बाहिरबाटै नियाल्दै हामी त्यहीँको पार्कबाट अघि बढ्यौँ ।
बस्दै, आराम गर्दै, ब्यागमा बोकेका फलफूल, ड्राइफ्रुट र पानीले शरीरमा इन्धन भर्दै संवैधानिक पार्क, लिङ्कन मेमोरियल स्ट्याचु अवलोकन गर्दै जाँदा हाम्रो समय सकिएछ । गाडी लिन पार्किङ स्थान पुग्यौँ । ३ घण्टाको पैदल यात्राले होला, थाकेर शरीर लोथ भएको थियो । गाडीमा बसेपछि प्रश्न उठ्यो कि यतै होटेलमा बास बस्ने कि कृष्ण भाइ (छोराको साथी) को निम्तो मान्न ५० मिनेट खर्चेर भर्जिनिया जाने ?
हामी भर्जिनियातिर लाग्यौँ । प्रकृतिले धनी सहर, मौसम र प्रकृतिले नेपालको सम्झना गराउने रहेछ । करिब ८ बज्न लागेको थियो, हामी पुग्नै लागेका थियौँ झ्याप्पै अध्याँरो भयो । बिजुली चम्किएर घनघोर वर्षा हुन थाल्यो । घरभित्र पस्दा त डिनर रेडी थियो । हेलो, हाइ गरेपछि दाल, भात, तरकारी र अचारको नेपाली स्वादमा रमाउन थाल्यौँ । ९.३० बजे समयमै सुत्यौँ । बिहान खाजा खाएपछि आतिथ्य र सम्मानका लागि घरधनीलाई धन्यवाद दिएर ९ बजे भर्जिनियाबाट न्युयोर्कलाई गन्तव्य बनाएर बाटो लाग्यौँ । जाँदा गएको बाटोबाट नफर्किएर हामी नयाँ बाटोबाट अघि बढ्यौँ । नयाँ बाटोबाट फर्किंदा मेरिल्यान्डको बाल्टिमोर सहरको सूक्ष्म अवलोकन गर्ने अवसर मिल्यो । बाल्टिमोर डाउनटाउनका भौतिक संरचना नियाल्दै अघि बढ्यौँ । २ घण्टाको यात्रापछि एउटा ग्यास स्टेसन (पेट्रोल पम्प) मा रोकियौँ । अमेरिकामा

पेट्रोललाई ग्यास भन्दा रहेछन् । गाडीमा ग्यास भर्ने भनेको सुन्दा पहिला अचम्म लाग्यो । कुरा बुझ्दा त शब्द मात्र फरक रहेछ । अबको पालो गाडीलाई र हाम्रो पेटमा इन्धन भर्नु थियो । यहाँका हरेक ग्यास स्टेसनमा स्टेसनका मालिकले केही सामान र केही खानेकुरा पाइने पसल पनि राखेका हुँदा रहेछन् । कतै रुक्नु पर्‍यो भने ग्यास स्टेसन सजिलो रहेछ । त्यहाँ पार्किङको सुविधा पाइने रहेछ । गाडीलाई इन्धन भरेपछि हामी खानेकुरा खोज्न रेस्टुरेन्टभित्र पस्यौँ । पिजा, स्यान्डविच र जुस पाइयो । काम चलायौँ । फिरन्तेलाई जहाँतहीँ दालभात कहाँ पाउनु र ? भनेर चित्त बुझायौँ र अगि बढ्यौँ । लगभग ४ घण्टाको निरन्तर यात्रापछि न्युजर्सी हुँदै न्युयोर्क छिर्‍यौँ ।

फेरि जाम, उफ ! झर्को लाग्ने गरी जामले सतायो । न्युयोर्क भनेको जामको सहर हो कि ? भन्ने भान भयो । सिधैँ भाडाको गाडी बुझायौँ र आस्नाको अपार्टमेन्ट गयौँ । हामी भातबहादुरलाई भात नै चाहिने तर पकाउने जाँगर थिएन । विकल्प खोज्यौँ, दही, चिउरा र केरा ! दसैँ सम्झिँदै हसुर्‍यौँ । एक छिनको आरामपछि साँझको समय पारेर आस्नालाई पनि साथ लिएर, मेट्रो रेलमा छक्छक् गर्दै ट्विन टावरतिर लाग्यौँ । बिन लादेनले क्षतविक्षत पारेको जोडी टावर त थिएन बरु संस्मरणका लागि होला, अलि पर नयाँ एउटा टावर ठडिएको थियो । अलिकति नजिकै पर्खालजस्तो बनाएर उस बेला ट्विन टावर काण्डमा मारिएका मानिसहरूको नाम लेखेर राखिएको रहेछ । त्यो ठाउँलाई मेमोरियल पार्क भनिँदो रहेछ । विश्व व्यापार केन्द्र बसेको भवन, आसपासमा रहेका व्यापारिक केन्द्रका ठुला ठुला भवन र भौतिक संरचना हेर्दै २० मिनेट पैदल हिँडेर मेट्रो ट्रेन चढने उद्देश्यले स्टेसनतिर लाग्यौँ । ट्रेन चढ्न स्टेसनमा नै क्रेडिट कार्ड देखाउनुपर्ने रहेछ । जुन स्टेसन जान पनि २ डलर तिर्नुपर्ने रे ! सिस्टमले चलेको देशमा हामी पनि कार्ड देखाएर भित्र पस्यौँ । एक छिनमा ट्रेन आयो । चढ्यौँ । खचाखच यात्रु, कोही बसेका, कोही उठेका ! त्यति खेर म कल्पनामा काठमाडौँ पुगेछु, नेपाल यातायातको सम्झना आयो । केही गन्हाए जस्तो भएर वान्ता आउलाझैँ भयो । ट्रेन चढ्ने जुन उत्साह थियो, त्यो एकाएक मरेर गयो । अब फेरि यस्तो ट्रेन चढ्नु नपरोस् भनेर कामना गरेँ ।

हाम्रो लक्ष्य बोटिङमा सहरको नजारा कैद गर्नु थियो । साँझको समय, पैदल यात्रा, न्युयोर्क सहर घुम्दै निश्चित स्थानमा पुग्यौँ । हड्सन नदीको छातीमा टेकेर हामीले Boat (Ferry) चढ्यौँ । लगभग डेढ घण्टा बोटको माथिल्लो खुल्ला भागमा बसेर जलयात्रा गर्‍यौँ । स्ट्याचु अफ लिबर्टीलगायत एकदम नजिकबाट चारै कोण घुम्दै न्युयोर्क सहरलाई नियाल्न पाइयो । यो जलयात्रा यति रोचक र रमाइलो बन्यो कि सबै थकान साफ भयो । जीवनको एउटा नबिर्सिने मिठो क्षणका रूपमा अनुभूति गरेँ । त्यसपछि ट्याक्सी लिएर बासस्थान पुग्यौँ । अनि घरमै पकाएर खायौँ र भोलिको यात्राको योजना बुनेर सुत्यौँ ।

जुलाई १८, हामी घर फर्किनु थियो । १.२५ को फ्लाइट भएकोले १२ बजे एयरपोर्ट पुग्नु थियो । घुमघाम केही थिएन तर ज्याक्सन हाइटमा City MD पुग्नु थियो । श्रीमान्को हातको घाउ चेक गर्न र सफा गर्न डाक्टरले बोलाएका थिए । त्यहाँबाट एयरपोर्ट नजिक भएकोले बिहान घरमै खाजा खाएर ९ बजे ट्याक्सी लिएर मेडिकल हिँड्यौँ । त्यहाँ घाउ सफा गरेर ब्यान्डेज चेन्ज गरियो । १० दिनमा टाँका काट्ने सल्लाह लिएर हामी त्यहीँ वरपर घुम्यौँ । स्थान अलि फोहोरी र कच्याककुचुक थियो । न्युयोर्क भन्न अलि लाज लाग्यो, ठाउँ हेर्दा ।

नेपाली होटेल प्रशस्तै थिए । एउटामा बसेर नेपाली खानाको स्वाद लिन थाल्यौँ । भागदौड थिएन । हामीसँग टन्नै समय थियो । आनन्दले खायौँ र १२ बजे एयरपोर्ट पुग्यौँ ।
जुलाई १६ मा प्रवेश गर्दा श्रीमान्को तनावले केही हेरिएको थिएन । चेकजाँच गरेपछि एयरपोर्ट मजाले घुम्यौँ । तोकिएको समयमा प्लेन उड्यो । ३ घण्टाको यात्रापछि ड्यालस एयरपोर्ट ल्यान्ड गरेछ प्लेनले । थकानले गर्दा होला, प्लेनमा मज्जाले सुतिएछ । एयर होस्टेजले सुतेका यात्रुलाई थपडी बजाएर ब्युँझाउँदा पो झसङ्ग भइयो । पार्किङ गरेको गाडी लिएर सिधै नर्थलेक टेक्सासमा अवस्थित घर पुग्यौँ । स्वर्ग पुगेको अनुभूति भयो, तब न आफ्नो घर ! यसरी केही दुःख र सुख, केही थकान र आराम, केही समस्या र समाधान खोज्दै ४ दिनको यादगार यात्रा सम्पन्न भयो ।
अगस्ट ६, साँझको समय थियो । छोरा कामबाट आएपछि भन्यो, 'यता नजिकै बिङ्गो खेलाउँदो रहेछ । हामी पनि जाऔँ, एक छिन रमाइलो हुन्छ ।'
घर बसेर दिक्क भइरहेका बेला प्यासालाई पानी भनेझैँ भयो । जुर्मुराएर उठ्यौँ र तुरुन्तै तयार भयौँ । सपरिवार निस्कियौँ । ड्राइभमा ५ मिनेटको बाटो थियो । पुग्दा टेबल भरिसकेको रहेछ, मन खिन्न भयो । जीवनमा पहिलोपटक बिङ्गो खेल्ने उत्साह पानी पानी भयो । बिङ्गो खेल्न नपाए पनि खानपिन गरेर एक छिन रमाइलो गर्ने मनसायले यताउति घुम्न थाल्यौँ । आधा घण्टा बित्यो । संयोगवश एउटा टेबल बहिरबाट मगाएर आयोजकले एडजस्ट गरिदियो अनि टिकट किन्यौँ र जमेर खेल्न बस्यौँ । ४ राउन्ड खेल्यौँ । यी राउन्डमा ससाना उपहार थिए । त्यसैले होला हात लाग्यो शून्य भए पनि खासै बेस्वाद भएन । २ घण्टा बित्यो । अन्तिम राउन्ड सुरु भयो जुन ५०० डलरको थियो । टिकटमा भएका २४ ओटा नं. सबै काट्नुपर्ने थियो । बडो उत्साहले खेल्न थालियो । नम्बरहरू फटाफट काट्दै थिएँ । जितिन्छ कि क्या हो ? भन्दै खेलिँदै थियो । खेल रमाइलो र उत्साहबर्धक भइरहेको थियो । ३ ओटा नं. बाँकी थियो । घोषणा भएका नम्बर सुन्न कानहरू चनाखा थिए । कुन कुन बाँकी छ ? भनेर रिडिङ गर्दै थिएँ । एक्कासि म बसेको पछाडिको सिटबाट बिङ्गो भन्ने आवाज आयो । हामी हेरेको हेरेकै भयौँ ।
मुखबाट हैट ! भन्ने आवाज मात्र आयो । पानीको मुहानमा पुगेर फर्किएको प्यासीको झैँ अवस्था भयो । त्यसपछि हामीले डिनरमा मेडिटेरियन खाना खायौँ । बहुत स्वादिलो थियो । मनमा धेरै रमाइलो र अलिकति थकथक गर्दै घर फर्कियौँ ।
विविध अनुभूतिसँग रमाउँदै आखिर सेप्टेम्बर १ अर्थात् भदौ १६ गते आयो । नेपाल फर्किने एउटा छुट्टै खुसीको लहर मनभरि छाउँदै थियो भने अर्कोतिर नाति र छोराबुहारीलाई बाई भन्नुपर्ने पीडा पनि लुकेको थियो ।
राति १०.५० को फ्लाइट थियो । सामान किनमेल र प्याकिङ हिजै सकिएको थियो । सोमबार भए पनि संयोगले छोराबुहारीको बिदाको दिन थियो । दिनभरि गफगाफ र आराम गर्‍यौँ । साँझ ६ बजे खाना खाएपछि ७.३० बजे हामी ड्यालस विमानस्थल पुग्यौँ । आवश्यक प्रक्रिया पुर्‍याएपछि छोराबुहारी घर फर्किए । हामी भने वेटिङमा बस्यौँ । लगभग १.३० घण्टाको कुराइपछि ९.५० मा यात्रुलाई जहाजतर्फ लगियो । तोकिएको समयमा जहाज दोहा विमानस्थलका लागि उड्यो । उडेको लगभग २ घण्टापछि टन्नै डिनर खान दियो । त्यसपछि त भुसुक्कै निदाएछु । आँखा खुल्दा त्यहाँ साँझको ५ बजिसकेको थियो । हल्का स्न्याक्स र चिया दियो,

खायौँ । यात्रा सुखद रह्यो । केही यात्रु सुतिरहेका र कोही सिनेमा हेरेर समय बिताइरहेका थिए । स्थानीय ९ बजे फेरि खानाको व्यवस्था रहेछ । सबै यात्रु उठिसकेका थिए । नेपाली माटोको गन्ध मुटुभरि छाउन थालिसकेको थियो, हामी नेपाली यात्रुको अनुहारमा । स्थानीय समयअनुसार १०.३० बजे हामीले दोहा विमानस्थलमा ल्यान्ड गर्‍यौँ । लगभग १५ जना नेपाली ह्विल चेयरमा रहेछौँ । सबैलाई विद्युतीय कारमा राखेर कर्मचारीले गाडी दौडायो । टर्मिनल ई र गेट ७ मा उसले हामीलाई पुर्‍याउनु थियो तर गेट नखुलेकोले विमानस्थलको भित्रभित्रै वरिपरि गाडी दौडाइरह्यो । हामी त्यहाँको नजारा हेरेर दङ्ग थियौँ । भव्य र विश्वकै ठुलो विमानस्थल मानिएको दोहा विमानस्थलभित्रको उज्यालो र व्यापारिक केन्द्रहरूले मनभरि उत्साह थपिरहेको थियो । घुम्ने क्रम सकिएपछि हामी सबै नेपालीलाई वेटिङका लागि एकै ठाउँमा राखियो । ट्रान्जिटको ३ घण्टा समय बिताउन हामीलाई कुनै कठिनाइ भएन । एकआपसमा परिचय आदानप्रदान, तातोचिसो पिउँदै, फोटाहरू खिच्दै रमायौँ । १२.३० बज्यो । चेकिङपछि कतार एयरलाइन्सले हामीलाई जहाजतिर लग्यो । काठमाडौँका लागि १.३० बजेको उडान थियो । तोकिएको समयमा जहाज उड्यो । १४/१५ घण्टाको यात्रा तय गरिसकेपछि अबको ४ घण्टाको यात्रा असहज नहोला भन्नेमा म विश्वस्त थिएँ । सिटको अघिल्तिर राखिएको मनिटरमा प्लाइटको रूट हेर्दै समय बित्यो । भदौ १८ गते बिहानको ८.३३ बजे जहाजले काठमाडौँको त्रिभुवन विमानस्थलको भूमि छोयो । मनमा एक प्रकारको शान्ति छायो । अब त आफ्नो माटो र आफ्नो देशमा टेकेकोले मन खुम्चिएको थिएन, विशाल रूपमा फराकिलो भएर छाएको थियो ।

इमिग्रेसन र चेकिङपछि लगेजतिर लाग्यौँ । एकाएक मन्दिरा चापागाईं स्वागतका लागि उभिएको देखेर मन जुरुक्कै उचालियो । लगेज लिएर तल बाटोसम्म पुर्‍याउन एउटा मान्छेको व्यवस्था गरिदिएकोमा बहिनीलाई यो सद्भाव र सहयोगका लागि मनमनै धन्यवाद भनेँ । तल सडकमा पुग्दा छोरी लिन आएकी थिई । ट्याक्सी लिएर हामी निजी निवासतर्फ लाग्यौँ । लगभग ४ महिना १५ दिन अमेरिकाको भ्रमण र बसाइपछि घर आइपुग्दा भएको रमाइलो र सुखद अनुभूतिले लामो सास फेरेको थियो ।

(latakc7@gmail.com)

## सर्जकमा विशेष अनुरोध

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# टुक्का कविता

**कला ढकाल**
(झापा)

१. सदनभित्रको चलखेल बाहिर आउँदै छ
राजनीतिक तालमेल बल्ल थाहा पाउँदै छ ।
२. जालझेल गरेर चुनाव जित्ने खेल नखेल
सोझा निर्दोष जनतालाई भयो अब नपेल ।

**सुरेशकुमार पाण्डे**
(दाङ घोराही १८)

१. बेमौसमी बर्सातले चिसो गरायो
धान कुह्यो र किसानले दुःख पायो ।
२. फेरि पनि आयो देशमा चुनावको ताल
समयभन्दा पहिले देश भयो कङ्गाल ।

**कोपिला समीक्षा**
(खार्पा, खोटाङ)

१. कार्तिक मास झरी बादलको खेल
झार्न लागेको धान बगाइ लग्यो भेल ।
२. नियतिले कृषकमाथि खेलिदियो खेला
पुर्पुरोमा हात छ कृषकको यति बेला ।

**बाबुराम गौतम**
(गुल्मी)

१. गरेर अनेकन् जालझेल
खेलिन्छ राजनैतिक खेल ।
२. सुशासन भयो कागलाई पाकेझैँ बेल
नेताले खेलिरहँदा सधैँ फोहोरी खेल ।

**अरूणकुमार भुजेल**
(गोरूबथान, भारत)

१. साह्रै फोहोरी हुन्छ राजनीतिको खेल
सोझा जनताउपर हुन्छ जालझेल ।
२. कहिल्यै हुँदैन भाषण र कामको मेल
जहिल्यै हुन्छ केवल जनता ढाँट्ने खेल ।

अविस्मरणीय क्षण

# अरिङ्गालको गोलामा ढुङ्गा हान्दा



**जेबी खत्री**

कुरा २०४३/४४ सालतिरको हो । म पन्ध्रसोह्र वर्षको थिएँ होला । भदौको महिना । तिज आउँदै थियो । ठुली दिदीलाई बिहे गरेर बिजुवापानी दिएका थियौँ । पछि छुट्टिएर भुल्के झर्नुभयो । साइँली दिदीलाई पनि भर्खरभर्खर बिहे गरेर ढाँडे दिएका थियौँ । भुल्के र ढाँडे तल्लो र माथ्लो गाउँ थिए । ठुली दिदीको घरबाट साइँली दिदीको घर पुग्न आधा घण्टाजति लाग्थ्यो । तिज पर्सि छ भन्दा आजजस्तो आमाले दिदीहरूलाई लिन जा, भोलि नै लिएर आउनू भनी पठाउनुभयो । ठुली र साइँली दिदी मात्र अलि टाढा हुनुहुन्थ्यो । कस्सिएर हिँड्दा तीन घण्टा लाग्थ्यो । माइली दिदी चाहिँ गाउँमै नजिकै आफै बिहे गरेर जानुभएको थियो । पाँच मिनेटको बाटो । खाना पकाएर जाँदा नसेलाई आइपुगिने । पानी पँधेरो एउटै थियो । दिनमा एकपटक नभए पनि भोलिपल्ट त भेट भइहाल्ने । ठुली र साइँली दिदी चाहिँ तीनचार, छ महिना कहिले त वर्ष दिनमा एकपटक आउनुहुन्थ्यो । ठुली दिदी नआउनुभएको लामो समय भएको थियो । त्यसैले तिजको दिन मात्र पो आउने हुन् कि भनी आमाले अघिल्लै दिन लिई आउन भन्नुभएको थियो । मैले 'हुन्छ' भनेको थिएँ ।

बिहान खाना खाएर बाटो लागेँ । तल लखुवा झरेर खोला तरेँ । लखुवापाटीमा पसल थियो । भान्जा-भान्जीलाई बिस्कुट किनेर झोलामा हालेँ । सावाँ दोभानसम्म तमोरको किनारैकिनार बाटो थियो । सिम्सेको बगर हुँदै जानुपर्थ्यो । बाटो सुनसान थियो । बटुवा भेटिँदैनथे । पहिले त तेह्रथुमताप्लेजुङका मानिसको धरान आउने मूल बाटो त्यही थियो । आउने-जाने मानिस बाक्लै भेटिन्थे । पछि बिर्तामोड, धरान-धनकुटा गाडी बाटो खुलेपछि गड्तिरको बाटो सुकेको थियो । मानिसहरू बिरलै हिँड्थे । माथि जङ्गलमा चरा-चुरूङ्गी कराएको सुनिन्थ्यो । नत्र तल तमोर सुसाएको बाहेक अरू केही सुनिन्नथ्यो । एक्लै हिँड्दा डर लाग्ने थियो ।

सावाँ दोभान पुगेर मूल बाटो छाडी सावाँ पुल तरेँ । उकालो लागेँ । करिब आधा घण्टा हिँडेपछि कात्तिके आउँथ्यो । त्यहाँ भुल्केलीका गोठ थिए । गाईवस्तु र भेडाबाख्रालाई जङ्गलको पायक पर्ने ठाउँ भएकोले गोठ राख्थे । त्यहाँ पुग्दा तिर्खा लागेर पानी पिउनुपर्‍यो भनी दुईतीन गोठ चाहारेँ । कुनैमा मान्छे थिएनन् । बाटो हिँड्नेलाई तिर्खा लाग्दा आफै पानी सारेर खाउन् भनी गाग्री र लोहटा भुइँमै राखिदिएको हुन्थ्यो । पानी सारेर पिएँ । त्यहाँ पानीको दुःख थियो । बर्खामा अकासबाट परेर खोल्साखोल्सीका डोफ्किलाहुँदो जमेको पानी गाग्रीमा भरेर पिउनुपर्थ्यो । घाँटी मात्र भिजाएँ । एक खालको गन्ध आएर तिर्खा मेट्ने गरी पिउन सकिनँ । बाटो लागेँ । त्यहाँ पुग्दा बाटो लगभग आधा हुन्थ्यो । त्यसपछि जङ्गलैजङ्गल हिँड्नुपर्थ्यो । त्यसलाई धुसेनीको जङ्गल भनिन्थ्यो । सानो गोरेटो थियो । जङ्गल प्रायः सुनसान हुन्थ्यो । शितली खोला तरेपछि भने दिदीका गाउँबाट गाईवस्तु चराउन ल्याउने गोठालाहरू बोलेको सुनिन्थ्यो । तमोरपारिको जङ्गलबाट बेला बेला मयूर कराएको मिठो आवाज आउँथ्यो । जङ्गल कटेर डाँडाखर्क पुग्दा भदौ महिनाको चर्को घाम ढल्केर गाउँमा ओझेल पर्न लागेको

थियो । त्यहाँबाट छर्लङ्गै देखिन्थे दिदीहरूका गाउँ । भुल्के र ढाँडैं दुवै । कैँदलेदेखि माथि भित्तामा थियो ठुली दिदीको खरको छानो भएको दुई तले रातो माटोले पोतेको घर । सानो भए पनि परबाटै छर्लङ्गै देखिने । मनले ऊ त्यही त हो नि ठुल्दिदीको घर भनिहाल्यो । त्यहाँबाट करिब आधा घण्टामा ठुली दिदीको घर पुगिन्थ्यो । साइँली दिदीको चाहिँ त्यहाँबाट देखिँदैनथ्यो । कैँदले पुगेर तिर्खा मेटियुन्जेल पँधेराको चिसो पानी पिएँ । त्यसपछि उकालो चढैँ । करिब पाँच मिनेटपछि ठुली दिदीको घर पुगैँ । बेलुकाको पाँच बज्न लागेको थियो होला । एकै छिन बसैँ । खाजा खाएँ र साँझपख साइँली दिदीकामा गएँ किनभने भोलि नै दुवै दिदीलाई लिएर फर्किनु थियो ।

भोलिपल्ट साइँली दिदीलाई लिएर ठुली दिदीकोमा आएँ । हामी पुग्दा उहाँ तयार भइसक्नु भएको रहेछ । हामी बाटो लाग्यौँ । ठुली दिदी, भान्जा, सानी भान्जी, साइँली दिदी र म । सानी भान्जीलाई दिदीले काखमा बोक्नुभएको थियो । साइँली दिदीले थुन्चे । भान्जालाई मैले कहीँ बोक्दै, कहीँ उचाल्दै, कहीँ हातमा समाएर डोऱ्याउँदै थिएँ । भान्जा त्यस्तै अठारबिस महिनाका हुनुपर्छ । केही वर बाटोमुनिको सखुवाको रूखमा अरिङ्गालको गोला रहेछ । टाढैबाट देखिने माटाको जस्तो थियो । त्यो देखेर ढुङ्गा हान्ने विचारले हामी उभियौँ । दिदीहरू केही पर पुगेपछि मैले भान्जालाई एउटा हातले समातेर अर्को हातले भुइँको ढुङ्गो टिपी ख्यालख्यालमा सुइँय हानेको त गएर सिधै गोलामै लाग्यो । गोला भत्केर आधा भुइँमा झऱ्यो । त्यसपछि त अरिङ्गालको गोलो हामीमाथि खनियो । पाँचछओटाले टोकेको त थाहा पाएँ । त्यसपछि कतिले टोक्यो पत्तै भएन । आत्तिएर म त भान्जालाई त्यहीँ छोडेर दौडेको एक्कैचोटि दिदीहरू भएको ठाउँमा पुगेछु । भान्जा चिच्याएर रोएको सुनेर दिदी दौडेर आउनुभयो र लिएर जानुभयो । एउटा धुसुरको बुट्टामा छलिएर रोइरहेका रहेछन् रे । कतिले टोक्यो कतिले उनलाई त झन् । दौडन त के हिँड्न त नजान्ने । दिदीले ढुङ्गाले हान्यौ हो तिमीहरूले अरिङ्गाललाई ? भनेर सोध्नु भयो । मैले होइन भनेर ढाटैँ । भान्जाले हान्यौँ भनिहाले । तर दिदीले गाली गर्नु भएन बरु त्यसरी ढुङ्गा हान्नु हुँदैन । अरिङ्गाललाई चलायो भने त पानीमुनि पसे पनि छोड्दैन भन्नुभयो ।

एक छिनबाट त भान्जा हिँड्न पनि छाडे । रून्छन् मात्र । मलाई पनि त्यसपछि त ज्वरो आउन थाल्यो । उनलाई बोक्नुपर्ने । गाम्चाको नाम्लो बनाएर पिठ्युँमा बोकैँ । ठुली दिदीले सानी भान्जीलाई थुन्चेमा बोक्नुभयो । साइँली दिदीले र मैले भान्जालाई पालैपालो गर्दै बोक्यौँ । बाटोमा बस्दै बस्दै आउँदा ठुलो साँझ पर्न लाग्दा मात्र बल्लतल्ल घर पुगियो । भान्जाले त पानी पनि पिएनन् । म पनि खाना नखाई सुतैँ ।

भोलिपल्ट बिसको उन्नाइस मात्र भयो । मलाई भन्दा भान्जालाई धेरैले टोकेको थियो । भान्जाको टाउकैभरि चोटैचोट थिए । तीन दिनसम्म ज्वरै घटेन । त्यसपछि बिस्तारै घट्दै गयो तर टोकेको ठाउँ पाकेर घाउ भयो । खिल हुँदो रहेछ । खिल उक्किएर गएपछि मात्र घाउ निको भयो । अझै ती घाउका खतहरू पुरिएका छैनन् ।

बेला बेला ती खतले उति बेलाको उपद्रो सम्झाइरहन्छ । जीवनका घटनाहरू सम्झनाका लागि हुँदा रहेछन् । सम्झनामा विगतको तितो पनि मिठो हुँदो रहेछ !

आजभोलि कहीँ कतै अगिङ्गालको गोलो देख्यो कि त्यो दिन अरिङ्गालको गोलामा ढुङ्गा हान्दा गोलै खनिएको घटनाको सम्झना भइहाल्छ । खेलाँचीमा मामाभान्जाको झन्डै ज्यानै गएको । पछि मात्र थाहा भयो, अरिङ्गालले टोकेर मान्छेको ज्यानै समेत जान सक्दो रहेछ ।

समीक्षा

# 'जुरुक्क कर्णाली' गीतको अध्ययन

**नवीन पौड्याल**

**विषयप्रवेश**

नेपालको कर्णाली नदीको छेउछाउका प्रान्तलाई कर्णाली क्षेत्र भनिन्छ । यो २०१५ सन्मा स्थापना भएको प्रदेश हो । यसको क्षेत्रफल २७,९८४ वर्गकिमि छ । यसको उत्तर र मध्यभाग प्रायः हिमाल पर्छ । कर्णाली प्रदेशका धेरैजसो बासिन्दा खस समुदायका छन् । यहाँ खसको आवादी ७२% छ । यसभित्र पनि खस नै भनिने छेत्री सबैभन्दा बडी एकल जाति हो । खस समूहमा पर्ने दलितको आवादी २३% छ । यस प्रदेशभित्र अन्य जनजाति १३% छन् । त्यसमा पनि लगभग अधिकांश मगर छन् तथा जसको आवादी १०% छ । माथिल्लो हिमाली भागमा केही तिब्बती समूहका मानिस बस्छन् ।

गत केही महिनादेखि फेसबुक र युट्युबमा एउटा जोसिलो गीत निकै फैलिएको छ । यस गीतलाई धेरैले मन पराएका छन् । यो गीत काठमाडौँमा आयोजित अरू गीतभन्दा भिन्नै लय र धुनमा रहेकोले निकै भाइरल भयो । कर्णाली महोत्सवका अवसरमा प्रस्तुत गरिएको यसका रचनाकार माधव चौलागाईं, सङ्गीतकार धीरेन्द्र प्रेमर्षी र गायन आस्था राउत र स्मारिका फुयाँल हुन् । यस गीतमा नाच्ने मूल नृत्याङ्गना मिथिला शर्मा हुन् । उनलाई अन्य नर्तकीले सहयोग दिएका छन् । यो गीत जदौ कर्णाली ब्यान्डको हो । गीत सुन्दै र नृत्य हेर्दै गए श्रोतामा जोस, उत्साह र वीरताको भाव जाग्छ । मन रमाउँछ । गीतमा क्रान्ति र विद्रोहको चेतना छ । गीतको मूल यस्तो छ :

माण्ठ हुँ म माण्ठ हुँ म माण्ठ जुर्मुराउँछु
छ आँत तप्त अग्निझैँ म अग्नि झर्झराउँछु
अनन्त अन्धकारमा अबोध त्यो प्रवाहमा
अमोक्षमा जुनी-जुनी बिते नि दुष्ट राजमा
तथापि ज्युँछु जिन्दगी म हौसला हुँ जोस हुँ
शिखर म चुम्छु दुर्गको म पाइला हुँ खोज हुँ
नमेटिने ननासिने अभेद्य हुँ अजेय हुँ
अपाडराज भूमि हुँ सपादलक्ष कर्णाली
अदम्य आँट-ओज ली जुरुक्क उठ्छ कर्णाली
सहस्र अश्वमा चढी म बन्छु विश्वगामिनी
पुगेँ गया पुगेँ कुमाउँदेखि त्रिशूली
डटेँ खटेँ लडेँ जितेँ सुकीर्ति फर्फराउँथ्यो
अपार आँटिलो थिएँ र बैरी थर्थराउँथ्यो
बतास बाज वेगमा खसानको कुना कुना

हिमालमा पहाडमा र भोटमा जहाँ तहाँ
म दुन्दुभी हुँ गुन्जिने र मेघ हुँ म बर्सिने
म वीर पैकलो थलो सपादलक्ष कर्णाली
अदम्य आँट ओज ली जुरुक्क उठ्छ कर्णाली
छ काख काँधको भरी अमूर्त मूर्त सम्पदा
म बास्ना हुँ कस्तुरी सुवास बन्छु सर्वदा
म रीति हुँ रिवाज हुँ म वाणी हुँ म अर्थ हुँ
समस्त दुःख बिर्सन म योग्य हुँ समर्थ छु
म बोल्दछु पडेलीमा, माडु मस्टो मैडोमा
म गीत भाव भावना सङ्गीत साध्य साधना
म सुर न्याउल्या बनी म खेल्दो देउडा दरी
भुओ भैलो धारु घाँटु बिसुँवा चैतेली भरी
म फुक्छु उच्च नाद यो तरङ्ग शङ्खनादको
म सभ्यता हुँ विश्वको सपादलक्ष कर्णाली
अदम्य आँट ओज ली जुरुक्क उठ्छ कर्णाली

यति खेर यो गीतले निकै लोकप्रियता पाएको छ । दुई गायिकाका प्रभावशाली अभिनयसहितको गायन तथा कुशल नर्तकको भावानुरूप नृत्यले गीत प्रभावशाली भएको छ । गीतको अवधि लगभग तीन मिनट सैँतालिस सेकेन्ड जति छ । गायिकाद्वयको गायनमा जोस, स्वरमा मधुरता, पौरुषपरक अभिव्यक्तिले स्रोता मन्त्रमुग्ध बन्छन् ।

**क. गीतको मूल भाव**

यस गीतलाई वीर रसमूलक मान्न सकिन्छ । कर्णाली क्षेत्रको गायनको मूल भाव यसमा पाइन्छ । गीत सुन्दै गए शिव ताण्डव धुन मान्न सकिन्छ । वीर रसयुक्त गीतले खस जातिको जोसिलो मनोभाव, स्वकथन, सांस्कृतिक चेतना, वीरताबोध, राजनीतिक चेतना आदिलाई समेटेको छ । गीत गायनले स्रोताको सुषुप्त उत्साहको स्थायी भावलाई बिउँझाएर वीर रस जगाइदिन्छ । गीतमा मूलतः अर्थका तीन स्तर छन् – उत्साहमूलक जातीय स्वाभिमान, इतिहास चेतना र सांस्कृतिक चेतना । कर्णालीको आत्मजीवनीपरक रहे पनि यसले खस जातिको स्वाभिमानलाई सङ्केत गर्छ । यसभित्र इतिहास चेतना प्रखर रूपमा छ । यसका साथै सांस्कृतिक चेतना छ । गीत खस रीतिरिवाज, संस्कृति, लोकगीत, लोकनृत्यादिमा कर्णालीको अस्तित्व अक्षुण्ण राख्न सक्षम छ । श्रम, मेहनत, सांस्कृतिक पुनर्जागरणको सङ्घर्ष गरेर जीवन र कर्णालीलाई जोगाउनु छ भन्ने सन्देश छ ।

**ख. इतिहासपरक अध्ययन**

प्रस्तुत गीतमा इतिहासका केही पक्ष पनि छन् । यसमा रहेका केही शब्दले खसको इतिहासलाई जनाउँछ । सपादलक्ष अपाडराज भूमि, खसान आदि शब्दले यही सङ्केत गरेको छ । सपादलक्ष भनेको सवा लाख पर्वत हो जहाँ अघि खसको मूल थलो रही त्यहाँ शासन गरेका थिए । चल्ल र मल्लजस्ता खस राजाले सपादलक्ष खस साम्राज्यमा शासन गर्थे । खसको राजधानी सिँजा थियो । अहिलेको कुमाउँ, गड्वाल र पश्चिम नेपाल सबै मिलाएर सपादलक्ष भनिन्थ्यो ।

खसहरू वीर र पराक्रमी थिए । आफ्नै खस भाषा, खस सांस्कृतिक परम्परा थियो । त्यसै राज्यका राजालाई अपाडराज भनिन्थ्यो । अपाडको अर्थ अपार शक्तिशाली भन्ने अर्थ लाग्छ । यी शक्तिशाली वीर राजा र तिनका वीर सिपाहीले वीरतापूर्वक लडेर विभिन्न राज्य जितेका थिए । यसमा अन्य केही सङ्केत छन् । बाइसीचौबिसी राज्यको उदयदेखि पृथ्वीनारायण शाहको बेलासम्म खस राज्य थियो । खसको इतिहास पराक्रमी छ । यद्यपि यसको उत्थान र पतन भइरहेको इतिहास पाइन्छ ।

**ग. सांस्कृतिक अध्ययन**

सामान्य रूपमा प्रकृतिसित मानवीय स्वभाव, जीवनशैली, धर्म विश्वास, परम्परा, आचरण आदिमा आवद्ध कुरा नै संस्कृति हो । नेपाली बृहत् शब्दकोशअनुसार संस्कृति भन्नाले धेरै समयदेखि देशकालसापेक्ष भई, आन्तरिक वैचारिक, तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार रहनसहन आदिका माध्यमले कुनै राष्ट्र समाज आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिसमेतको समूह वा साधन संस्कृति हो । मानवका व्यवहारमा प्रयोग हुने विधि, व्यवहार, वस्तु र परिधान, खाद्यवस्तु, आवास र श्रम, व्यापार उपभोग्य वस्तुको उत्पादन र तिनको वितरण तथा उपयोग र आचार व्यवहार, जीवन भोगका तौरतरिका, जीवनयात्रा र आचार शैलीलगायतका पक्षहरू संस्कृतिका उदाहरण हुन् । (राजेन्द्र सुवेदी, **सांस्कृतिक अध्ययन र नेपाली साहित्य**, पृष्ठ २०३) ।

संस्कृतिको अर्थ अझ व्यापक हुँदै गएको छ । यसभित्र साहित्य, कला, सङ्गीत, चित्रकला, मूर्तिकला, चिन्तन, सौन्दर्यशास्त्र आदि सबै सबै समावेश छन् । यसको अध्ययनको फाँट अझ बढ्दो छ ।

यस गीतमा केही खस सांस्कृतिक अवशेषको सङ्केत छ । अहिलेसम्म पनि पश्चिम नेपालतिरका केही नेपाली लोकगीत जस्तै चाँचरी, पैकेलो, पडेली, भुओ, भैलो, पाँडु आदिको उल्लेख छ । यसमा लोकगीतपरक र लोकसंस्कृतिपरक अध्ययन गर्न सकिन्छ । खसहरू नेपाल र भारतको वर्तमानको मानचित्रभित्रका कुमाउँ, गड्वाल, पश्चिम नेपालतिरका जिल्लाहरूमा बोसबास गर्थे । उनीहरू वीर थिए । पहाडी भूभागमा बस्थे । आफ्नै सांस्कृतिक परम्परा थियो । मस्टो पूजा गर्थे । मस्टो, संसारी माई, सिमेभूमे आदिजस्ता देवीदेवता हाम्रै वरिपरि हुन्छन्, तिनलाई रिझाउनुपर्छ । ती स्थानीय देवीदेवतालाई रिझाएर राख्न सके घर, परिवार, कुल र सन्ततिलाई फलिफाप हुन्छ । यसै गरी ती देवीदेवतालाई कथंकाल रीतिभाँती नमानेर बिच्काए घरपरिवारमा श्राप र दशा लाग्छ भन्ने मान्यता छ । खसको मूल धर्मका केही अवशेष रूप अहिले पनि पालन गरिन्छ । गोठधुप, किरातको जस्तै खसमा उँधौलीउभौली पूजा हुन्छ ।

**घ. गीतमा प्रयुक्त केही विशेष शब्द र तिनको अर्थ**

यस गीतमा रहेका केही शब्द मानक नेपाली र केही स्थानीय बोलीमा प्रचलित वा स्थानीय भेदअनुरूपका छन् । कर्णाली प्रदेशमा प्रचलित भाषिकामा रहेका हुनाले केही शब्द हाम्रा निम्ति अर्थबोधमा कठिनाइ पर्ने खालका छन् । यसमा रहेका केही शब्द र शब्दावलीका अर्थहरू यसरी खोतल्न सकिन्छ । मान्ठ– मान्छे, जुर्मुराउँछु– जोसिलो भएर उठ्नु, अश्व– घोडा, आँत– अन्तःकरण, शरीरको भित्री भाग, तप्त– तातो, अग्नि झर्झराउनु– मानसिक जोस, अबोध प्रवाह– निर्बाध रूपमा बहनु, अमोक्ष– मोक्ष प्राप्त हुन नसक्ने, दुर्ग– किल्ला, अभेद्य– भेदन गर्न

नसकिने, अजेय- जित्न नसकिने, अपाडराज- अपारराज खस राजा, अजस्र- धेरै, विश्वगामिनी- विश्वविजेता, सपादलक्ष- सवा लाख पहाड क्षेत्र र गाउँ, सुकीर्ति- प्रसिद्धि, बैरी- दुस्मन, खसान- खस राज्य, भोट- वर्तमान तिब्बत, दुन्दुभी- युद्ध भएका बेला बज्ने नगराजस्तो जोसपूर्ण बाजा, पैकेलो- लोकगीतको एक प्रकार, अमूर्त मूर्त सम्पदा- देखिने र नदेखिने सम्पत्ति, कस्तुरी सुवास- कस्तुरी मृगको बासना, पडेली- लोकगीतको एउटा प्रकार, मस्टो- खसहरूको कुल देवता, माडु- मस्टोको एक किसिम, मैडो- मस्टोको एक किसिम, साध्य-साधना- उद्देश्य र त्यससम्म जाने उपाय अवलम्बन, देउडा- लोकगीतको एउटा प्रकार, दरी, भुओ, भैलो, धारु, घाँटु, बिसुँवा, चैतेली- खसेनी लोकगीतका प्रकार, उच्चनाद, शङ्खनाद- युद्ध आरम्भ आदि । यसमा रहेका शब्दहरूको अर्थको गहिराइमा डुब्दै गए प्राचीन खस संस्कृति र इतिहासभित्र डुब्न बाध्य भइन्छ ।

**उपसंहार**

कर्णाली उत्सवमा प्रस्तुत 'जुरुक्क कर्णाली' गीतमा खस सभ्यता संस्कृति इतिहास आदिको वर्णन र सङ्केतन छ । यसमा जोसपूर्ण भावाभिव्यक्ति र अभिनयात्मक प्रस्तुति छ । खस सम्बन्धित विभिन्न पक्षबारे उल्लेख गरिएको छ । यसमा प्राचीन खसका लोकगीतका प्रकार, सांस्कृतिक आभास, जिजीविषामूलक स्वर, जोसपूर्ण कथन, जुर्मुराउने भावना आदि पक्षले यो गीत निकै लोकप्रिय छ । गीतभित्र इतिहासका विभिन्न पक्ष, सांस्कृतिक अध्ययनका पाठ-अन्तर्पाठ आदिबारे अध्ययन गर्न सकिने ठाउँ छ ।

(poudyal_navin@yahoo.com)

**अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ**

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**

sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

**सिडनी, अस्ट्रेलिया**

**पुस्तकालयलाई सूचना**

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

शब्दाङ्कुरका वितरक

साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स

चावहिल, काठमाडौं,

फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

समीक्षा

# मेन स्ट्रीट्मा कुदिरहेकी स्वास्नीमान्छे : केही चर्चा

सर्वधन थुलुङ

डा. दामोदर पुडासैनी किशोरको उन्नाइसौँ कविता कृति **मेन स्ट्रीटमा कुदिरहेकी स्वास्नीमान्छे** आद्योपान्त हेर्ने मौका पऱ्यो । नेपाली साहित्य भण्डारमा यो पुस्तक फरक लेखन तरिका र फरक विषय बोकेर आएकोले निकै महत्त्वपूर्ण र पठनीय छ । यस सङ्ग्रहमा १६४ पृष्ठमा ५३ थान कविताहरू छन् । डा. पुडासैनीले अमेरिका बसेर त्यहाँको परिस्थिति बुझेर लेखेका कारण कविताहरू डायस्पोरिक मात्र छैनन् अमेरिकी परिवेश, अमेरिका र विश्व सम्बन्ध, अमेरिकासँगको आकर्षण र विकर्षण सबै प्रष्टसँग बुझ्न सकिन्छ । सङ्ग्रहले ओगटेको दार्शनिक पक्ष, कविले लालित्यपूर्ण ढंगले निर्माण गरेका कविताका कारण पाठकले गहकिलो कृति पाएको महसुस गर्छन् । कृति यति गहन छ कि यसले संसारलाई नै फरक ढंगले प्रस्तुत गरेको छ यसको गहनताका बारेमा जति बयान गरे पनि कम नै हुन्छ । त्यो सबै यहाँ उतार्न सम्भव छैन ।
उनले यस सङ्ग्रहमा मान्छेहरू बिदेसिनुको पीडा, विदेश पुगेपछि सपनालाई कसरी सामना गर्छ, त्यो पूरा गर्न अमेरिका मात्र होइन संसारका व्यस्त सहरका जिन्दगीबारे चित्रण गरेका छन् । सङ्ग्रहले युद्धको कारुणिक विचलनको वृतान्त खोल्छ । विशेषतः दोस्रो विश्वयुद्ध र त्यसपछिका युद्धको झल्कोका साथै हाल मध्यपूर्वी क्षेत्रको युद्धीय विचलनले निम्त्याएका कोलाहल, भौतिक संरचना र मानवीय बितन्डाका बारेमा गहन प्रश्न समेत तेर्साएका छन् उनका कविताले ।
विश्वका शक्तिशाली हुँ भन्ने राष्ट्रले युद्धका नाममा समकक्षीदेखि निम्न ठानिने देशमाथि गर्दै आएका हैकमवादी राजनीतिक र व्यापारिक गतिविधिलाई उदाङ्गो पार्दै यस्ता स्वार्थी गतिविधिप्रति खबरदारी गरिएको छ । साथै पर्यावरणीय विचलनप्रतिको घोर भर्त्सना यिनका कवितामा लुकेका महत्त्वपूर्ण पाटा हुन् । यसबाहेक सङ्ग्रहका कविताले युरोप र अमेरिकाको व्यस्त जीवन, वर्तमानको पीडा र वैज्ञानिक चमत्कारले मानवमा ल्याएको परिवर्तनलाई अत्यन्त मिठो र मननीय ढंगले काव्यात्मक स्वादमा पस्किएका छन् ।
विदेशमा बसेर लेखिरहँदा 'यो मन त मेरो नेपाली हो' भन्ने गीतको पङ्क्तिले जस्तै यस सङ्ग्रहमा डायस्पोरिक भावना प्रचुर मात्रामा पाइन्छ र कविताले बसिरहेको ठाउँको, पारिवारिक मायामोहका आवेग पोख्दै कर्णाली र फोक्सुन्डोको उच्चारण गरेको छ जसले जो-जहाँ पुगे पनि देशको माया औधी रहन्छ भन्ने नै हो । यसरी देशप्रति माया पोख्दै पुडासैनीले देश र संसारले बेहोर्नुपरेका कोभिडजस्ता महामारीको झल्को पनि यसमा प्रस्तुत गरेका छन् । देशभित्रको संयन्त्र र प्रक्रियाका अनैतिक अवलम्बनका कारण राष्ट्रले बेहोर्नुपरिरहेको शरणार्थी प्रकरणको अपचलन, लाजमर्दो कार्य र किसानले समयमा रसायनिक खाद प्राप्त गर्न नसक्दा उत्पादनमा आएको ह्रास, समाजले भोग्नुपरेका मिटर ब्याजी कान्डसमेत कवितामार्फत प्रस्तुत भएका छन् ।
पुडासैनीले नियात्रा पुस्तक **ग्रीष्मको नीलो बतास**मा काठमाडौँ खाल्डोलाई विविध कारणले अजिङ्गरको मुख हुँदै गएको भनेका छन् । यसै गरी यस सङ्ग्रहका कवितामा पनि अमेरिकालाई माछा पालिने पिंजडा- एक्वारियम हो भनेका छन् :

> समुन्द्र खोज्दै आएका कुवाका माछाहरू
> बिस्तारै जाकिएका छन् एक्वारियमभित्र

अक्सिजन बन्द गरिदिन्छ कि कसैले कुनै बेला
चिन्ताको श्वास घ्यारघ्यार चलिरहेछ ।

यस सङ्ग्रहले यति मात्र होइन देशको जनशक्ति दिनानुदिन बाहिर पठाउनुपरेको दुःखद कुराप्रति पनि चिन्ता प्रकट गरी निराकरण गर्नुपर्ने सूचना गरेको छ ।

समग्रमा, डा. पुडासैनीको यस कवितासङ्ग्रहले विश्व मानवजगत्‌लाई नयाँ ज्ञान र चेतना प्रसार गर्न सफल भएको छ । यसैले यो विशेष पठनीय छ । कविताका शब्द र शैली विशेष भएकाले ग्रामबेँसीतिरका सामान्य मानस पटलले भने जोत्न र दाँदे लगाउन अलिक सजिलो छैन । अन्तमा यो १९ औँ पुस्तक नेपाली साहित्य क्षेत्रको विशेष कृतिका रूपमा प्रकाशमा आएको छ । यसलाई अङ्ग्रेजी र अरू भाषामा प्रकाशित गर्न सके संसारले नेपाली भाषामा पनि यति गहकिला कृति निस्केको जानकारी पाउने थिए र यसबाट फाइदा लिन सक्ने थिए । यति गहन कवितासङ्ग्रहका लागि कवि डा. पुडासैनीलाई हार्दिक बधाई छ ।

लघुकथा

# मधुरात्रि

**हरि आत्रेय**
**(मध्यपुरठिमी ७, भक्तपुर)**

केटा पक्षको प्रस्तावलाई केटी पक्षबाट खासै चासो दिइएन । केटी पक्षको व्यवहारले केटा पक्षले पनि कान ढालेजस्तो गरे । लमीका यसअघिका दुई प्रस्ताव अस्वीकार भएकोले यो प्रस्तावलाई उसले निकै जोडबल गऱ्यो ।

'हैन, पशुपतिका साँढेसाँढीजस्तै पाल्ने हो भने किन छोराछोरीको बिहे गर्नुपऱ्यो भनेर हारगुहार गर्नुपऱ्या ? होइन भने ल यिनमा खुट देखाउनुहोस् ।' दुवै पक्षले खासखुस खासखुस गरे । उसले पुनः भन्यो, 'भविष्य उनीहरूको हो । मेरो ब्रह्मले उपुक्त ठहर गरेको छ । अझै सोचेर भन्नुस् । भोलि राम्रो बार छ, केटाकेटीलाई भेट गराऊँ । जे भन्छन् त्यही गरौँला । कसो हो ?' दुवै पक्ष यस मामलामा थाकिसकेकाले अन्तमा लमीकै भनाइमा कुरो टुङ्गियो ।


केटाकेटी भेट गराइयो । उनीहरू त कलेज पढ्दाका पूर्व परिचित रहेछन् । दुवै मुस्कुराए । विगत पाँचछ वर्षका याद उनीहरूका मानसपटलमा सल्बलाए । उनीहरूकै स्वीकृतिमा विवाह भयो । चिनेका छरछिमेक इष्टमित्रले सुदीप र विन्दुको विगत र भविष्यबारे कानेखुसी गर्न थाले । उनीहरू विगत बिर्सेर नवीन भविष्यको प्रणय सूत्रमा बाँधिए ।

विवाहको पहिलो रात सुदीपले विन्दुको घुम्टो खोल्दै भन्यो, 'विन्दु, सम्झ त छ वर्ष बितिसकेछ । बरु हामी त्यति नै बेला आजको दिनमा भएको भए पाँच वर्षको खेल्ने साथी हुन्थ्यो । कुरौटेहरूको अभियोग खेप्नुपर्ने थिएन ।'

उसले विगतका सबै कैफियत सुनायो र विन्दुलाई पनि सुनाउन आग्रह गऱ्यो । तर उनले दकस मानिन् । सुदीपले सबै विगत निर्धक्क सुनायो । केही त थाहा पनि थियो । महिला मन कहाँ खुल्थ्यो र । सुदीपले निकै करकाप गरेपछि विन्दुले कसम खुवाउँदै भनिन्, 'सुदीप, पहिलाको जस्तो माइसोप्रस्टोल नदेऊ है, गर्भमा भ्रूण हुर्किरहेछ ।'

# हिमशृङ्खला

राजेश मानन्धर



# निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔँ

---

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स – एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, सेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनै पनि श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौँ ।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौँ ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**

# विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौं । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |